
# लेखापरीक्षण प्रतिवेदन

# पोखरिया नगरपालिका, पर्सा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## पोखरिया नगरपालिका, पर्सा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**मधेश प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/237

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री नगर प्रमुख ज्यू,
पोखरिया नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
पर्सा।

## कैफियतसहितको राय।

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा,यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान( नगदमा आधारित ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

1= नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.११ करोड ८३ लाख २२ हजार , राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना तर्फ रु.१ लाख, गरिबसँग विश्वेस्वर कार्यक्रमको रु.४ लाख १५ हजार समेत गरी रु.११ करोड ८८ लाख ३७ हजार समावेश गरेको छैन।

2= नगरपालिकाको लागि संघीय सरकारबाट ससर्त अनुदान रू.२० करोड ७८ लाख४८ हजार समपूरक अनुदान रू.७५ लाख र विशेष अनुदान रू.७० लाख समेत रू.२२ करोड २३ लाख ४८ हजार प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू.२ करोड २५ लाख ४५ हजार बचत रहेको छ । उक्त रकम लेखापरीक्षण अवधीसम्म पनि फिर्ता गरेको छैन। सङ्घबाट प्राप्त भएको अनुदान रकम खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा असर परेको छ ।

3= पोखरिया नगरपालिकाको रू. १ अर्व ५८ लाख ९८ हजार लेखापरीक्षण गरिएकोमा रू. ४ करोड ७८ लाख २६ हजार प्रारम्भिक बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिकृया प्राप्त गर्ने अवधि सम्म कुनै पनि प्रतिक्रिया प्राप्त नभएकोले सो उपर कारबाही आवश्यक नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १८ लाख ७८ हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ४५ लाख ९९ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ४ लाख ९९ हजार र पेस्की बाँकी रू. ८ लाख ५० हजार समेत यस वर्ष रू. ४ करोड ७८ लाख २६ हजार बेरुजु कायम रहेको छ। पालिकाको गत वर्षसम्म रु. ४८ करोड ७६ लाख ६४ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष सम्परीक्षण अनुरोध प्राप्त नभई हालसम्मको अद्यावधिक बेरुजू रु. ५३ करोड ५४ लाख ९० हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

4= नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( ईन्द्र प्रसाद आचार्य )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४० | ५९ | ४,७८,२५,७६४ | ० | ० | ० | ० | ४० | ५९ | ४,७८,२५,७६४ | १८,७७,७७७ | १,०४,९९,३५२ | ३,४५,९८,६३४ | ० | ० | ४,५०,९७,९८४ | ८,५०,००० |

अद्यावधिक बेरुजु स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पर्सा | ४८,७६,६४,००० | ० | ० | ४८,७६,६४,००० | ० | ४,७८,२५,७६४ | ५३,५४,८९,७६४ |

# (८०२२२४०२३०० - पोखरिया नगरपालिका, पर्सा )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी , कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पोखरिया नगरपालिकाको स्थापना भएको हो।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ।यस पालिकामा १० वडा,क्षेत्रफल ३२.४८ वर्ग कि मी तथा जनसंख्या ३८९८५ रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।१०।२१ देखि २०८१ ।१०।२६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ०, राजस्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ०, आय – व्ययतर्फ रु. ०, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. ० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा कुनै पनि रकम दाखिला भएको प्रमाण पेश भएको छैन।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण-**

**वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोब | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | ज |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ११८२०५९४८.२६ | ० | ११८२०५९४८.२६ | ८९९१९४५८.१७ | ० | |
| १३००० | अनुदान | | ३३२६५३०००. | ० | ३३२६५३०००. | ३५६७२२९२३.७५ | ० | ३ |
| १४००० | अन्य राजस्व | | ३२६१३४५४.५६ | ० | ३२६१३४५४.५६ | २९९४०७०.६१ | ० | |
| क | कुल जम्मा प्राप्ति | | ४८३४७२४०२.८२ | | ४८३४७२४०२.८२ | ४४९६३६४५२.५३ | | |
| ३ | चालु | | ३८६६२९२२८.४४ | ० | ३८६६२९२२८.४४ | ३४०१८२४८८.८ | ० | |
| २१००० | पारिश्रमिक / सुविधा | | १७२२९६६४०.४४ | ० | १७२२९६६४०.४४ | ११९५११४२०. | ० | |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १८५३८७१५५. | ० | १८५३८७१५५. | २१४११२८८१.४२ | ० | २ |
| २५००० | सहायता (Subsidy) | | ११८८९१२९. | ० | ११८८९१२९. | २१९९११०.५६ | ० | |
| २७००० | सामाजिक सुरक्षा | | १४५५७७५६. | ० | १४५५७७५६. | २३६३५४९.८३ | ० | |
| २८००० | अन्य खर्च | | २४९८५४८. | ० | २४९८५४८. | १९९४७२६.९९ | ० | |
| ४ | पूंजीगत | | ११५८८४५६०. | ० | ११५८८४५६०. | १९५५३३८५१.५५ | ० | |
| ३१११० | भवन तथा संरचना | | ४२७४४४४. | ० | ४२७४४४४. | ९६,३०१.०० | ० | |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ४००२००१. | ० | ४००२००१. | १७४७३७७.५ | ० | |
| ३११३० | अन्य पूँजीगत खर्च | | १००००००. | ० | १००००००. | ० | ० | |
| ३११५० | सार्वजनिक निर्माण | | १०६६०८११५. | ० | १०६६०८११५. | १९३६९०१७३.०५ | ० | १ |
| ख) | कुल जम्मा भुक्तानी | | ५०२५१३७८८.४४ | | ५०२५१३७८८.४४ | ५३५७१६३४०.३५ | | |
| ग) | बचत / कमी (ग = क-ख ) | | - (१९०४१३८५.६२) | | - (१९०४१३८५.६२) | (८६०७९८८७.८२) | | ( |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)** | | (६९९५१४४.२८) | | (६९९५१४४.२८) | ८४८८३८८.३२ | | |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | (१२७८५२२.९) | | (१२७८५२२.९) | | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ)** | | (२६०३६५२९.९) | | (२६०३६५२९.९) | (७७५९१४९९.५) | | |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | ५४३०२०११.६ | | ५४३०२०११.६ | १३१८९३५११.१ | | |
| छ) | **विनिमय नाफा/ घाटा तथा अन्य समायोजन** | | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | २८२६५४८१.७ | | २८२६५४८१.७ | ५४३०२०११.६ | | |

२.१ **वित्तीय विवरणको यथार्थता -**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले आर्थिक कारोवार लेखा राख्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.११८३२१५७५, राष्ट्रिय सूचना ब्यवस्थापन तथा अनुगमन आयोजना तर्फ रु.१०००००, र गरीवसंग विश्वेश्वर कार्यक्रम तर्फ रु.४१५००० गरी जम्मा रु.११८८३६५७५ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले नगरपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

२.२ **फरक जिम्मेवारी -**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ३७३५३०७८.७८ मौज्दात रहेकोमा यो वर्ष रु.५,४३,०२,०११.६० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१६९४८९३३ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

## २.३ **बैङ्क हिसाब विवरण -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| बैंक तथा नगद मौज्दात | | | | |
|---|---|---|---|---|
| खाताको प्रकार / बैंकको नाम (खाता नं) | खाता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु | फरक | कैफियत |
| ग १.३ - आन्तरिक अनुदान खाता / कृषि विकास बैंक लिमिटेड , ०५०७२०११८९८५७१५१ | ५४००००. | बैंक स्टेटमेन्ट उपलब्ध नभएको | | |
| ग २.१ - चालू खर्च खाता- विजोर वर्ष / कृषि विकास बैंक लिमिटेड , ०५०७२०११८९८५७०११ | २७५२३८७१.८६ | बैंक स्टेटमेन्ट उपलब्ध नभएको | | |
| ग २.३ - पूँजिगत खर्च खाता- विजोर वर्ष / कृषि विकास बैंक लिमिटेड , ०५०७२०११८९८५७०२८ | ३८३३९२८.३५ | बैंक स्टेटमेन्ट उपलब्ध नभएको | | |
| ग २.७ - विविध खर्च खाता / कृषि विकास बैंक लिमिटेड , ०५०७२०११८९८५७०९५ | ८९,७७९.४० | बैंक स्टेटमेन्ट उपलब्ध नभएको | | |
| ग ३.१ - स्थानीय तह धरौटी खाता / कृषि विकास बैंक लिमिटेड , ०५०७२०११८९८५७०३६ | ६२३८१७४.८ | बैंक स्टेटमेन्ट उपलब्ध नभएको | | |
| ग ४.१ - स्थानीय तह सञ्चित कोष खाता / कृषि विकास बैंक लिमिटेड , ०५०७२०११८९८५७०४४ | (९८८१७४९.८१) | बैंक स्टेटमेन्ट उपलब्ध नभएको | | |
| जम्मा | २८३४४००४.६ | | | |

स्थानीय सञ्चितकोष खातामा मौज्दात ऋणात्मक देखिएको छ। लेखापरीक्षण अबधिमा पटक पटक मौखिक रुपमा माग गर्दा पनि पालिकाले बैंक स्टेटमेन्ट उपलब्ध नगराएकाले श्रेष्ता र बैंकबीच रकम फरक परे नपरेको सम्बन्धमा यकिन गर्न सकिएन ।अत पालिका ऋणात्मक मौज्दात हुनुको कारण पत्ता लगाई पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच रकम फरक परेको भए हिसाब मिलान गर्नुपर्दछ ।

## २.४ **सञ्चित कोषमा स्थानान्तरण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि श्रेस्ता अनुसार पालिकाको आन्तरिक अनुदान खातामा रु ५४००००, चालू खर्च खातामा रु २७५२३८७१.८६ पुंजीगत खातामा रु. ३८३३९२८.३५ मौज्दात रहेको पाइयो ।श्रेस्ता अनुसारको उक्त रकमहरु बैंक स्टेटमेन्ट प्राप्त हुन नसकेकाले बैंक अनुसार भिडान गर्न सकिएन। तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

## २.५ **कर दायित्व –**

आयकर ऐन २०५८ वमोजिम भुक्तानीमा कट्टा भएको कर समयमै सम्वन्धित खातामा दाखिला गर्नु पर्दछ। पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. १२,७८,५२२.९० देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,७८,५२२.९ |

३ **बजेट तथा कार्यक्रम -**

३.१ **बजेट सीमा निर्धारण समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

३.२ **लक्ष्य प्रगति -**

कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गर्ने ब्यवस्था मिलाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | | |
|---|---|---|---|---|---|---|
| | | **शून्य प्रगती** | **२५ प्रतिशत सम्म** | **५० प्रतिशत सम्म** | **७५ प्रतिशत सम्म** | *७५ प्रतिशत भन्दा माथि* |
| **कार्यक्रम संख्या** | २३६ | ६५ | ४ | ४ | ३ | १६० |

**योजनाको प्राथमिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १० वडाको लागि वडागत र पालिकास्तरका कुल २३६ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाखमाथिका योजना सङ्ख्या** | **रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५लाखभन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ११७ | १५ | ७० | ३२ |
| २. | वडास्तरीय | ११९ | १ | ५० | ६८ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १७१ योजनामात्र कार्यान्वियन भई ६५ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

३.३ **खर्च बिश्लेषण-**

पालिकाले यसवर्ष कुल आन्तरिक आय रु.४ करोड १७ लाख ५ हजार ४६६, राजस्व बाँडफाँड रु.१० करोड ९१ लाख १३ हजार ९३७ र अनुदानबाट रु.३३ करोड २१ लाख १३ हजार समेत रु.४४ करोड १२ लाख २६ हजार ९३७ आम्दानी भएकोमा चालुतर्फ रु.३८ करोड ६६ लाख २९ हजार २२८ र पूँजिगततर्फ रु.११ करोड ५८ लाख ८४ हजार ५६० गरी जम्मा रु.५० करोड २५ लाख १३ हजार ७८८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.२९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमको तुलनामा चालु ८०.०५ र पूँजिगत २३.९९ प्रतिशतमात्र पुँजीगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

३.४ **क्षेत्रगत बजेट तथा खर्च** -

स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।लक्ष्य अनुसार खर्च गरी पूर्वाधार विकास गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ६६२५००००. | ५५६९५०४३.५ | ८४.०७ |
| २ | सामाजिकविकास | २०६२८००००. | १७७२८४४६७.९४ | ८५.९४ |
| ३ | पूर्वाधारविकास | १४४४८१०००. | ९२६०९७३९. | ६४.०९ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | १९००००० . | १८७४३८५. | ९८.६५ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | १८४६४४०००. | १७५०५०१५३. | ९४.८ |
| कुल जम्मा | | ६०३५५५०००. | ५०२५१३७८८.४४ | |

३.५ **गत विगतको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. ३०२४४७८८।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४ **अनुदान फिर्ता** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले

सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (मलेपफानं २७५) को अनुसूची १२ अनुसार संघमा फिर्ता गर्न बाँकी अनुदान रु. २२५४५३२१.५६ देखाएकोमा पालिकाले हालसम्म पनि सो रकम फिर्ता गर्न बाँकी देखिएकोले सो रकम फिर्ता गरी हिसाब फरफारक गर्नुपर्ने रु.

| अनुदानको बिवरण | कुल प्राप्ति | कुल खर्च रकम | संघमा फिर्ता | बाँकि रकम |
|---|---|---|---|---|
| १३३१२ शसर्त अनुदान चालु | १९९८४८००० | १७९३२४६७९.४४ | ० | २०५२३३२०.५६ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ८०००००० | ५९९९९९९ | ० | २००००० १ |
| १३३१४ विषेश अनुदान चालु | ७०००००० | ६९७८००० | ० | २२,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ७५००००० | ७५००००० | ० | ० |
| जम्मा | २२२३४८००० | १९९८०२६७८.४४ | | २२५४५३२१.५६ |

## ५ कानून निर्माण एवं कार्यान्वयन-

### ५.१ कानून कार्यान्वयन स्थिति –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म के कति कानून निर्माण गरी राजपत्रमा प्रकाशित भएका छन भन्ने सम्बन्धमा विवरण माग गरिएको तर पालिकाले सो विवरण उपलब्ध नगराएकोले सो सम्बन्धमा एकिन गर्न सकिएन ।

### ५.२ न्यायीक समिति –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । यो बर्ष ५५ विवाद दर्ता भएकोमा ५१ वटा मात्र फर्स्यौट भएको र ४ वटा फर्स्यौट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ६ आन्तरिक नियन्त्रण प्रणाली-

### ६.१ आन्तरिक लेखापरीक्षण -

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम लेखापरीक्षण गराउनु पर्ने, आन्तरीक लेखापरीक्षण प्रतिबेदनबाट औल्याईएका बिषयका आधारमा तत्काल सुधार गर्नु सम्बन्धित स्थानीय तहको कर्तब्य हुने उल्लेख छ। लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रमूख समक्ष पेश गर्नुपर्ने तथा स्थानीय तहले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिमको सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारबाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने ब्यवस्था छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको तर आन्तरीक लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रमूखलाई बुझाएको छैन। आन्तरिक लेखापरीक्षण प्रतिबेदनले औल्याएका बिषय माथि सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न कानून बमोजिम लेखापरीक्षण समिति गठन समेत गरेको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षणबाट औंल्याईएका ब्यहोरा उपर आवश्यक सुधार गरी लेखपरीक्षणलाई ब्यवस्थित बनाउनु पर्दछ।

### ६.२ आन्तरिक नियन्त्रण प्रणाली -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि

विश्वस्त हुन सक्ने अवस्था रहेको छैन।यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- पालिकाले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरे तापनि जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको खाता व्यवस्थित नराखेको,
- भौतिक एवं वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रमको लक्ष्य प्रगति विवरण तयार नगरेको, निर्माण कार्य तथा सञ्चालित भएका योजनाहरूको बिल भरपाई व्यवस्थित रुपमा नराखेको, खर्चको तेरीज तयार नगरेको, आधारभूत कागजातहरुको संरक्षणमा ध्यान नदिएको, आंशिक बिल भरपाईमात्र श्रेस्तासाथ राख्ने गरेको,
- उपभोक्ता समितिहरुले पेश गरेको बिल भरपाईहरु मूल्याङ्कन अनुसार भए नभएको यकिन गर्ने नगरेको,
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन,
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन,
- सञ्चालित योजनाको सूचनापाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ । तर पालिकाले हालसम्म स्थानीय न्यूनतम दररेट निर्धारण गरेको पाइएन । कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ,
- यस पालिकामा कार्यरत सबै कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन,
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन,
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन,
- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन,
- खरिद भएको औषधि तथा जिन्सी मालसामानको माग फारम, खरिद आदेश, जिन्सी दाखिला समेत राखेको छैन,
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा खरिद योजना र खरिद गुरुयोजना तयार गरेको पाइएन,
- पालिकाबाट सञ्चालन गरिएका अभिमुखीकरण कार्यक्रम सीप विकास तालिम लगायका कक्षाहरुमा श्रोत व्यक्तिलाई प्रशिक्षण भत्ता भुक्तानी गरेकोमा अधिकांशमा कार्यपत्र समावेश छैन भने विभिन्न् कार्यक्रमहरुको अनुगमन गरेको भनी भत्ता भुक्तानी गरेकोमा अनुगमन प्रतिवेदन समेत छैन ।
- बैठक भत्ता बापत भुक्तानी भएकोमा नियमित कार्य प्रकृतिका लागि समेत बैठक बसेको भनी भुक्तानी गरेको छ ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामाग्री, लघुउद्यम विकास सम्बन्धी सामाग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरीकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो,
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन,
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा

अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन,

- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन,
- पालिकाले एक आर्थिक वर्षको अन्त्यभित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसूची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,
- केही गोश्वारा भौचरमा कार्यालय प्रमुखले दस्तखत गरी प्रमाणित नगरेको।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ७ **सम्पत्ति उपयोग र संरक्षण**

### ७.१ **जिन्सी व्यवस्थापन जिन्सी निरीक्षण -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी मालसामानको मौजुदा अवस्थाको बारेमा कम्तिमा वर्षमा १ पटक कार्यालय प्रमुख आफैले वा जिन्सी शाखाको जिम्मा लिने बाहेक अन्य कर्मचारीलाई जिन्सी निरीक्षण गर्न लगाई प्रतिवेदन लिनुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले जिन्सी निरीक्षण गरि मर्मत गर्नुपर्ने, लिलाम विक्रि गर्नु पर्ने तथा मिन्हा गर्नुपर्ने भनि जिन्सी समानको पहिचान गरेको छैन। तोकीए अनुसार जिन्सी निरीक्षण गरी पुराना सामानहरूको मर्मत वा लिलाम गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी वनाउनुपर्दछ।

### ७.२ **जिन्सी दाखिला -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५ ९६ मा कार्यालयले खरिद गरी वा अन्य कुनै प्रकारले प्राप्त गरेको जिन्सी मालसामान एक वर्ष भन्दा बढी खप्ने प्रकृतिको भए म.ले.प.फारम नं. ४०८ खप्ने जिन्सी खातामा र नखप्ने प्रकृतिका भए म.ले.प. फाराम नं. ४०७ मा आम्दानी जनाई अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको सामाग्री खरिद गरेतापनि PAMS दाखिला गरेको छैन। ती सामाग्री PAMS दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

| गो.भौ.नं./मिति | भूक्तानी पाउने | विवरण | संख्या | दर | |
|---|---|---|---|---|---|
| २८८-२०८०/०७/२५ | मुन साइन टेक्नोलोजी | वडापत्र डिभाइस lED 55" टच डिभाइस | १ | १५०००० | १५०००० |
| | | 1 GB RAM 32 gb ROM web backing | १ | १२८५३६ | १२८५३६ |
| | | वडापत्र एनरोइड एप | १ | १३६२०१ | १३६२०१ |
| | | होस्टिङ्ग एण्ड सर्भर क्लाउड सर्भर १६ जी बी | १ | २५९७० | २५९७० |
| २९७-२०८०/०८/०५ | बसन्त आर्ट | नागरिक वडापत्र वोर्ड (10*8) | ५ | ४५००० | २२५००० |
| २९७-२०८०/०८/०५ | बसन्त आर्ट | नागरिक वडापत्र वोर्ड (10*8) | १ | ४५००० | ४५००० |
| जम्मा | | | | | ७१०७०७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,१०,७०७ |

## ८ संगठन तथा कर्मचारी व्यवस्थापन-

### ८.१ तलवी प्रतिवेदन-

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन २०४९ को दफा ७ (ख) मा जिल्ला स्थित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षको तलवी प्रतिवेदन पारित नगरी कर्मचारीलाई पारीश्रमिक भुक्तानी गरेको छ । तलवी प्रतिवेदन पारित नहुँदा तलव स्केल र ग्रेड भिडान गर्न सकिएन ।साथै तलब शिर्षकबाट अन्य खर्च गर्ने तथा अन्य खर्च तलबबाट भुक्तानी गरेकोले तलब बापत कति खर्च भयो यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार प्रतिवेदन पारित गरेर सम्बन्धित शिर्षकबाट मात्र तलव खर्च लेख्नु पर्दछ ।

### ८.२ कर्मचारी व्यवस्था -

पालिकाले आफ्नो नियमित कार्य संचालन गर्न कार्यबोझ, कार्य प्रकृति तथा कार्य परिमाण समेतको आधारमा संगठनात्मक सर्वेक्षण गरी दरबन्दी कायम गरेको पाइएन । संघीय मामिता तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी अनुसारको पदपुर्ति तथा रिक्तको स्थिति देखिने गरी विवरण तयार गरेको पाइएन । रिक्त पदपुर्ति गर्न के कस्तो प्रयास भएको छ सो विवरण समेत लेखापरीक्षणको क्रममा उपलव्ध हुन सकेन । रिक्त पद समयमा नै पदपूर्ति गरी दरबन्दी भन्दा बढी हुनेगरी पदपूर्ति नगरी कर्मचारी व्यवस्थापनलाई चुस्त र दुरुस्त बनाउनु पर्दछ ।

### ८.३ करार सेवा-

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । ऐनको दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा कर्मचारी नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकामा पालिका चालु बजेट उपशीर्षकबाट वर्षभरी नै तलव पाउने करार सेवामा केही कर्मचारी रहेका तथा पटके रुपमा समेत करार सेवामा कर्मचारी नियुक्ती गरी तलव खर्च लेखेको देखिन्छ। उल्लिखित पदहरुमा बाहेक योजना विज्ञ,सूचना प्रविधी अधिकृत, सव इन्जिनियर, सहायक कम्प्युटर अपरेटर, नायब सुव्बा लगायतका पदहरुमा पनि करारमा नियुक्त गरी पालिकाले विभिन्न पदमा खर्च लेखेको छ । संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्दछ सोही अनुसार खर्च लेख्नु पर्दछ।करार सेवामा के कति कर्मचारी कार्यरत रहेका छन भन्ने यथार्थ तथ्याङ्क पालिकाले लेखापरीक्षणका क्रममा पटक पटक माग गर्दा पनि उपलब्ध नगराएकोले करारमा कार्यरत कर्मचारीको विवरण सम्वन्धमा एकिन गर्न सकिएन।

### ८.४ डोर हाजिरी-

पालिकाले डोर हाजिरी फारम नियन्त्रण खाता म ले प फा नं १७५ राख्ने गरेको छैन भने डोर हाजिरी फारममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गर्दा आयोजनामा के कति डोर हाजिरी फारमहरु को कसकोनाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याङ्कन गर्ने अवस्था रहेन ।डोर हाजिरमा काम गराएको कर्मचारी पनि महिना भरीनै खटेको र निजले पुरै बर्षको तलब लिने गरेको देखिएकाले आवश्यकतामा आधारित भएर डोर हाजिरीमा कर्मचारी नियुक्त गरेको कुरामा विश्वस्त हुन सकिएन।पेश भएका डोर हाजिर अधिकांशमा ल्याप्चे छाप मात्र रहेको , सम्बन्धित सुपरभाइजर, उपभोक्ता वा पालिकाबाट प्रमाणित समेत हुने गरेको छैन । त्यस्तै कुन अवधिको डोर हाजिर हो मिति उल्लेख हुने नगरेकोले डोर हाजिरी नियन्त्रण खाता राखी मागफारमको आधारमा नम्बरगत रुपमा जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याङ्कन गर्ने तथा डोर हाजिर प्रमाणित गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ ।

९ **चालु आ.व.को पेस्की बाँकी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ।पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की गत आर्थिक वर्षको समेत फर्स्यौट नभई रु. ६९ लाख ७ हजार ५० बाँकी रहेको देखिन्छ। जस मध्ये आ.व.२०८०।८१को म्याद समाप्त भएको फर्स्यौट गर्न बाँकी रु.

| पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिनेको नाम | म्याद नाघेको पेश्की |
|---|---|---|---|---|
| २०८०/०७/०२ | २१० | धर्म संस्कृति संरक्षण दसै तथा इद समेत वडा नं. १० | राकेश महतो कम्कर | १,००,००० |
| २०८०/०७/२४ | २६७ | जन्म दर्ता अभियान कार्यक्रम वडा नं.९ | साधु साह रौनियार | ५०,००० |
| २०८०/११/०७ | २२३ | घन्टा घर निर्माण कार्यमा समपुरक कोष लागत सहभागिता | संजय कुमार पाण्डेय | ७,००,००० |
| जम्मा | | | | ८,५०,००० |

| | |
|---|---|
| पेश्की | ८,५०,००० |

१० **राजश्व र आन्तरिक आय**

१०.१ **आय बिश्लेषण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय(गत वर्षको अल्या सहित) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २९७८९१९३५ | ४१७०५४६६ | १४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १४ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१०.२ **बैंक दाखिला गर्नुपर्ने राजश्व -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८ बमोजिम पालिकामा संकलित आय दैनिक रुपमा तथा त्यसको भोलिपल्ट राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ ।साथै आर्थिक कार्ययविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ५८ (६) अनुसार कार्यालयमा नगद वा बैंक भौचरका रुपमा प्राप्त भएको जुनसुकै राजस्व रकमको अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था रहेको छ। पालिकाले तपसिल बमोजिम संकलित राजश्व रु. ११४५७० बैंक दाखिला नभएकोले दाखिला गरेको भौचर प्रमाण पेश गर्नुपर्ने रु.

| संकलकको नाम | वडा न | संकलितरकम | दाखिला रकम | दाखिला गर्न बाँकिरकम |
|---|---|---|---|---|
| राजेश कुमार यादव | ४ | ४२३३६ | ० | ४२३३६ |
| मृत्युन्जय मिश्रा | ६ | २१६२० | १८४३० | ३१९० |
| निरन्जन कुमार दुवेदी | ६ | ४९९९९ | २५९५५ | २४०४४ |
| हजारी प्रसाद यादव | ४ र ५ | ५१४७२० | ५०९४५० | ५२७० |
| बिजय ठाकुर | ८ | ९०००० | ८६४८० | ३५२० |
| राजकपुर महतो थारु | ९ | २५७३५ | ० | २५७३५ |
| बीरबहादुर पंडित | १० | ९९०७५ | ८८६०० | १०४७५ |
| जम्मा | | | | ११४५७० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१४,५७० |

१०.३ **आन्तरिक आय** -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ बमोजिम पालिकामा संकलित आय दैनिक रुपमा तथा त्यसको भोलिपल्ट राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ ।साथै यसै नियमको उपनियम (६) अनुसार कार्यालयमा नगद वा बैंक भौचरका रुपमा प्राप्त भएको जुनसुकै रकमको अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था रहेको छ। पालिकाले आन्तरिक राजश्व संकलनको ब्यवस्थित विवरण राखेको छैन।पालिकाले संकलन गरेको नगदी रसिद अनुसारको राजश्वको रकम सोही दिन वा त्यसको भोलिपल्ट बैंक दाखिला गर्ने गरेको देखिएन।पालिकाले तपसिलमा उल्लेखित खाताहरु राख्ने नगरेकाले राजश्व कारोबारको यथार्थ चित्रण गर्न सकिएन।पालिकाले तपसिलमा उल्लेख गरिएको खाताहरुको प्रयोग गरी राजश्व ब्यवस्थित बनाउनु पर्दछ।

राजस्व प्राप्तिको दैनिक गोश्वारा खाता म.ले.प.फाराम नं:१०५
दैनिक नगद राजस्व आम्दानी खाता म.ले.प.फाराम नं:१०६
नगद राजस्व आम्दानी बैंक दाखिला विवरण म.ले.प.फाराम नं:१०६क
दैनिक बैंक भौचरबाट प्राप्त राजस्व आम्दानी खाता म.ले.प.फाराम नं:१०७
राजस्वको बैंक हिसाब मिलान विवरण म.ले.प.फाराम नं:१०९
राजस्वको बैंक हिसाब विवरण म.ले.प.फाराम नं:१०९क

११ **सिवर्वा पोखरी ठेक्का** -

साविक सी वर्वा वडा नं. १ हाल पोखरीया नगरपालिका १० को पोखरी ब्यवस्थापन सम्बन्धमा २०७७/०९/०९ मा कृपा दैनिकमा शीलबन्दी दरभाउपत्र मार्फत आह्वान गरिएको सीलबन्दी बोलपत्रको मुचुल्का खोल्दा प्रस्ताव दाताको प्रस्ताव देहाय अनुसार रहेको देखिन्छ

| सि.नं. | बोलपत्र दाताको नाम | कवोल अंक | कैफियत |
|---|---|---|---|
| १. | आकृति निर्माण सेवा पोखरिय न पा १० | १००००० २ | दोश्रो भएको |
| २. | सोनी कन्स्ट्रक्सन पोखरिया न पा १ | १०००००१ | धरौटी पेश नभएको |
| ३. | जागृती कन्स्ट्रक्सन पोखरिया न पा १० | १००००० ५ | बढी कबोल गर्ने |

सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को १२क दफा १२ मा तोकिएको म्यादभित्र ठेकेदारले सम्झौता बमोजिम नेपाल सरकारलाई बुझाउन पर्ने रुपैयाँ नबुझाएमा वा धन जमानी दाखिल गर्न नसकेमा निजको ठेक्का तोडिनेछ र त्यस सम्बन्धमा ठेकेदारले आफ्नो कबुलियत बमोजिमको काम नगरे सरह दफा २७ लागू हुनेछ । दफा २७(१) मा कुनै ठेकेदारले आफूले गरेको कबुलियत बमोजिम काम नगरेमा वा ठेक्काको अवधि भुक्तान हुनुभन्दा अगावै ठेक्का छोडे वा तोडेमा त्यसबाट नेपाल सरकारलाई भएका नोक्सानी र नेपाल सरकारले ठेकेदारबाट लिनु पर्ने बाँकी र त्यसको दश प्रतिशत सुद समेत सो ठेकेदारले राखेको डिपोजिटबाट असुल नभए निज र निजको जमानी हुने व्यक्तिबाट कानून बमोजिम असुल उपर गर्ने ब्यवस्था छ। उपरोक्तानुसार जागृती कन्स्ट्रक्सन पोखरिया नगरपालिका १० ले सबैभन्दा बढी रु १००००५ कबोल गरेकाले सारभुत रुपमा प्रभावग्राही भई प.सं. २०७७/७८, च.नं.१२७९ मिति २०७७/१०/२८ मार्फत निज जागृती कन्स्ट्रक्सनलाई प्रथम किस्ता बापत रु.२००००१ को १.५% अग्रिम आयकर बापत रु ३०००.१५ सहित रु २०३००१.१५ र बाँकी रकम रु ८००००४ को १.५% अग्रिम आयकर सहित रु ८१२००४।०६ को मिति २०८२ श्रावण मसान्त सम्मको म्याद भएको बैंक जमानत सहित सम्झौता गर्न पत्राचार भए अनुसार जागृती कन्स्ट्रकसनले उल्लिखित म्याद र रकम भएको कृषि विकास बैंकको ( पी.बी. ०७२/०३०२/४८७५/२१) जमानत सहित मिति २०७७/११/०३ मा सम्झौताको लागि निवेदन दिएको देखिन्छ तर पहिलो किस्ता बापतको रकम नबुझाएकोले सम्झौता हुन नसकेको भन्ने कर्मचारीको भनाइ रहेको छ। तीन पटक सम्म ताकेता गर्दा पनि निज जागृती कन्सट्रक्सन सम्झौता गर्न नआएकोले मिति २०८०/०६/०४ को नगर कार्यपालिकाको निर्णयले जमानत जफत गरी नया ठेक्का लगाउने निर्णय भई बैंक जमानत बापतको रकम पालिकाको खातामा जम्मा गर्न कृषि बिकास बैंकलाई मिति २०८०/०९/११ च.नं.१६६८ मार्फत पत्राचार भए पछी निज जागृती कन्स्ट्रक्सनले ४००००० र ४८०००० गरी ८८०००० पालिकाको खातामा जम्मा गरेको छ। बैक जमानत बापतको रकम रोक्का भई स्थानीय राजश्व खातामा जम्मा भए नभएको एकीन भएन। ठेक्का प्रकृया सुरु भएको ३ बर्ष सम्म पनि ठेक्का प्रकृया अन्त्य नगरी छाडेको देखिएकाले ठेक्का ब्यवस्थापन प्रभावकारी रहेको छ भनी विश्वस्त हुन सकिएन।पालिकाले यस सम्बन्धमा छानविन गरी सरकारी हानीनोक्सानी भए नभएको एकिन गरी असुल गर्नुपर्ने देखिएमा सो समेत असुल गरी ठेक्का ब्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ।

१२ **बढी ग्रेड भुक्ताननी-**

प्रदेश तह तथा स्थानीय तहका कर्मचारीको लागि २०७९ साउन १ देखि लागु हुने तलबमान अनुसार अधिकृत आठौं देखि दशौ सम्म अन्तिम ग्रेड संख्या ७ हुने उल्लेख छ तर पालिकाका अधिकृत आठौं कौशल कुमार झाले ९ ग्रेड भुक्तानी लिई स्वीकृत नर्म्स भन्दा रु ३९००० बढी ग्रेड भुक्तानी लिएको असुल हुनुपर्ने रु.

| गो भौ नमिति | विवरण | भुक्तानीपाउनेको नाम थर | पाएको | पाउने | बढी | दर | रकम |
|---|---|---|---|---|---|---|---|
| ६६५-२०८०/१२/०६ | अधिकृतआठौ कौशल कुमार झालाइ बढी ग्रेड भुक्तानी | अधिकृतआठौ कौशल कुमार झा | ९ | ७ | २ | १६२५ | ३९००० |
| | | | | | | असुल गर्नुपर्ने | ३९,००० |

१३ **सोझै खरिद -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले एकलाख भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेको कम्तिमा ३ वटा आपूर्तीकर्ताबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने ब्यवस्था छ। पालिकाले यस आ.व. तपसिलमा उल्लेख भए बमोजिमको फर्मबाट लिखित दरभाउपत्र माग नगरी रु. १०४५७०३ सोझै खरिद गरेको पाइयो ।नियम विपरित सोझै खरिद गरेको अनियमित भएको रु.

| गो.भौ.नं./मिति | विवरण | भूक्तानीपाउने | रकम |
|---|---|---|---|
| २७-२०८०/०७/०१ | मसलन्द तथाकार्यालय समाग्री खरिद | अल इन वान सप्लायर्स | २५४२०३ |
| ४६१-२०८०/०९/२६ | हस्तकलासम्बन्धि तालिम वडा न १० | सूर्योदय तालिम केन्द्र प्रा लि | ५९२५०० |
| ५५०-२०८०/१०/१६ | बिजुलीबत्ती खरिद | ई सोनिकट्रेड सप्लायर्स | १९९००० |
| जम्मा | | | १०४५७०३ |

| | |
|---|---|
| अनियमित भएको | १०,४५,७०३ |

१४ **परामर्स तथा डिपिआर खर्च** –

परामर्श सेवा लिदा सम्बन्धित निकायका नर्म्स अनुसार लागत अनुमान स्वीकृत गरी कार्यक्षेत्रगत सेवाका शर्त **(TOR )** तयार गरी सार्वजनिक खरिद ऐन २०६३ र नियमाली २०६४ बमोजिम कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डी.पी.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| गोभौ न मिति | कार्यविवरण | परामर्शदाता | स्वीकृतरकम | खर्चरकम | कैफियत |
|---|---|---|---|---|---|
| १६६-२०८०/ ०६/२८ | लबदी रोडको DPR | सुगी कन्सल्टेन्ट प्रा लि | ४९९९९७ | ४९९००० | |
| ३६०-२०८०/ ०८/ १७ | पोखरिया हस्पीटलको दोश्रो तल्ला तेश्रो तल्लाको डी पी आर | युनाइटेड इन्जिनियरिङ्ग कन्सलटेन्सी | ४९९८२५ | ४९७७६५ | |
| ३६१-२०८०/ ०८/ १७ | लमरिया पोखरीको सौन्दर्यकरण र स्थिरीकरणको डी पी आर र सतवरियाका विभिन्न सडक निर्माणको डी पी आर | एप्रोच इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ९९९७२७ | ९९७२२५ | |
| ४०४-२०८०/ ०९/ ०९ | सूर्य मन्दिरको डी पी आर | जिनियस इन्जिनियरिङ्ग सोलुशन एण्ड कन्सल्टेन्सी | ५००५९० | ४९६००० | |
| ६७५-२०८०/ १२/ ०७ | मानव उत्थान केन्द्र | विभिन्न रोडको डी पी आर | १०००० | ५००००० | |
| ७७५५-२०८१/ ०१/ १५ | सागा इन्जिनियरिङ्ग कन्सल्टेन्सी | | | ४८४००० | श्रेस्ता पेश नभएको |
| जम्मा | | | २५१०१३९ | ३४७३९९० | |

परामर्श सेवा खरिद गर्नु पूर्व पालिकामा मौजुदा जनशक्तिले सो कार्य गर्न सक्ने भए सोही जनशक्तिको प्रयोग गर्नु पर्दछ। त्यस्तो जनशक्तिले गर्न सक्ने वा नसक्ने सम्बन्धमा कुनै किसिमको अध्ययन गरिएको देखिएन । पालिकाले परामर्श सेवा लिदा पेशागत दायित्व बीमा गर्ने गरेको पाइएन पेशागत दायित्व बीमा गरेर मात्र परामर्श सेवा लिनु पर्दछ । साधभर्ना हुने सहायक खर्चको विलभरपाई पेश गरी सोधभर्ना लिनुपर्नेमा एकमुष्ट भ्याट विल पेश गरी पुरै भुक्तानी लिएकोले सहायक कृयाकलाप भएको हो वा होइन प्रस्ट हुन सकीएन । सोधभर्ना हुने रकम भुक्तानी गर्दा यस्ता कृयाकलाप भएको हो होइन प्रमाण बुझी विल भरपाई पेश भएको आधारमा भुक्तानी दिनुपर्दछ। यस संग सम्वन्धित देहायका व्यहोरा देखिएका छन:

१४.१ **श्रेस्ता पेश नभएको:**

गो भौ नं. ७७५५ मिति २०८१/०१/१५ बाट सागा ईन्जिनियरिङ्ग कन्सल्टेन्सी लाई रु ४८४००० भुक्तानी दिएको छ। तर सो कारोबारको श्रेस्ता पेश हुन सकेन। सो को श्रेस्ता पेश गर्नुपर्दछ

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८४,००० |

१४.२ **सडक डी.पी.आर. को अनुभव नै नभएको संग सम्झौता:**

गो भौ न ६७५ २०८०/१२/०७ बाट भुक्तानी गरिएको विभिन्न रोडको डी.पी.आर. सम्बन्धमा प्राविधिक मूल्याङ्कन गर्दा परामर्श दाता मानव उत्थान केन्द्रको सडकको डी.पी.आर. बनाएको अनुभव शुन्य भएको उल्लेख छ तर अनुभव नै नभएको उक्त फर्मबाट डी.पी.आर. तयार गरेको देखिएकाले डी पी आर को विश्वसनियताको सम्बबन्धमा पालिकाले छानविन गरी सत्य तथ्य पत्ता लगाउनु पर्दछ।

१५ **लाभग्राही भन्दा बढी वितरण -**

आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व नियमावलीको नियम ४० मा विपद् व्यवस्थापन जस्ता कार्यमा निर्णय अनुसार खर्च गर्न वा आर्थिक सहायता दिन, प्रचलित कानून बमोजिम वा नेपाल सरकारले निर्णय गरेर आर्थिक सहायता वा अनुदान दिने भनी तोकिदिएको रकम भुक्तानी गर्न, स्वीकृत बार्षिक कार्यक्रम अनुसार लक्षित समूहलाई वितरण गरिने मालसामान वितरण गर्न सकिने ब्यवस्था छ तर त्यस्तो नगद वा वस्तुगत आर्थिक सहायता दिनलाई बजेट पेश गर्दा लक्ष्य, कार्यक्रम, लागत अनुमान र कुन नियम वा निर्णयबाट कसलाई कसरी वितरण गरिने हो सो प्रष्ट खोली पेश गर्नु पर्ने ब्यवस्था छ।गोश्वारा भौचर नं. ४१७ मिति २०८०/०९/१६ बाट १४० थान सारी प्रति थान ७११ का दरले खरिद गरी वडा नं. १ का वडा अध्यक्ष श्री प्रमोद गिरी द्धारा वडा नं. १ का एकल महिलालई वितरण गरेको भरपाई पेश गरेको छ। पञ्जिकरणको अभिलेख अनुसार वडा नं.१ मा एकल महिलाको संख्या जम्मा ८ जाना मात्र रहेको ले बाँकी १३२ थान सारी ७११ रुपैयाको दरले रु ९३९७० बढी भुक्तानी भएको पाइयो।लाभग्राही संख्या भन्दा बढी खरिद गरी वितरण गरेको सम्बन्धित वडा अध्यक्षबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९३,९७० |

१६ **फोटोकपी बिल -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले तपसिलमा उल्लिखित गोश्वारा भौचरहरुबाट फोटोकपी विल संलग्न राखी रु. १०२२७६७ भुक्तानी गरेको छ । उक्त फर्महरुले फोटोकपी बिल पेश गरेकोले सक्कल बिल पेश हुनुपर्ने रु.

| **गो.भौ.नं./मिति** | **भूक्तानी पाउने** | **विवरण** | **रकम** |
|---|---|---|---|
| १७८-२०८०/०६/३० | महालक्ष्मीहोटल एण्ड सेकुवा कर्नर | प्रयोजननखुलेको खाजा खानाको फोटोकपी विल | **१०३०००** |
| ३४०-२०८०/०८/१७ | प्योरएण्ड क्योर ग्रुप | मेडिकलसामग्री खरिद | ४५२७५ |
| ७२८-२०८०/१२/२८ | कृष्णासाह गोढ | किरणट्रेडर्स | ९८०९९ |
| ३११-२०८०/०८/१२ | भैंसासुरबाबा कनस्ट्रक्शन | माटोग्रवेल कार्य | ७७६३९३ |
| जम्मा | | | १०२२७६७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,२२,७६७ |

१७ **तलब पेश्की दिएको -**

निजामती सेवा ऐन २०४९ को दफा २८ मा निजामती कर्मचारीले प्रत्येक महिना भुक्तान भए पछी मात्र तलब भत्ता पाउने ब्यवस्था छ। त्यस्तैगरी आर्थिक कार्यविधि नियमावली २०७७ को नियम ४७ बमोजिम कुनै कर्मचारी ब्यक्ति संस्थाले सरकारी कामकोलागि पेश्की लिनु पर्दा कुन कामका लागि के कति रकम चाहिने हो त्यसको यकीन गरी विवरण खुलाई सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्ने तथा त्यस्तो निवेदन साथ संलग्न विवरणको आधारमा कार्यलय प्रमूखले सम्बन्धित कामको लागि आवश्यक पर्ने भन्दा बढ नहुने गरी पेश्की

दिनुपर्ने ब्यवस्था छ। उल्लिखित ऐन तथा नियमावलीमा तलब पेश्की दिने ब्यवस्था कहि कतै उल्लेख छैन तर पालिकाले कर्मचारीहरुलाई तलब तथा पादाधिकारीहरुलाई सुविधा पेश्की उपलब्ध गराउने गरेको पाइयो।यस्तो नियम विपरित गरिने भुक्तानी नियन्त्रण गर्नुपर्दछ। केही उदाहरण

| गो.भौ.नं./मिति | भूक्तानी पाउने | विवरण | रकम |
|---|---|---|---|
| ३८४-२०८०/०९/०३ | का पासदस्य राधा साह कानु | पदाधिकारीसुविधाबाट कट्टा हुनेगरी पेश्की | ९३४०० |
| ५२३-२०८०/१०/०३ | महिलासदस्य मैना देवी | पदाधिकारीसुविधाबाट कट्टा हुनेगरी पेश्की | ५०००० |

१८ **अनुगमन भत्ताः**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०.७ सँग सम्वन्धित व्यवस्था सोही नियमावलीको अनुसुचि १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा बर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। पालिकाले गो.भौ.२९२,२९३,२९४/०८१-१-१९ वाट १३ जना जनप्रतिनिधि र कर्मचारीलाई योजना अनुगमन तथा सुपरिवेक्षण भत्ता रु.१००० को दरले कुल ४५० दिनको जम्मा रु.४५७०००।- पुँजिगततर्फ कन्टिन्जेन्सीबाट भुक्तानी गरेको छ ।पालिकाले पुँजिगत कन्टिन्जेन्सीबाट यस्तो भत्ता भुक्तानी गरेकोले नियमसम्मत मान्न सकिएन ।नियमानुसार कन्टिन्जेन्सीबाट भुक्तानी गर्न मिल्ने बाहेकका भुक्तानीमा नियन्त्रण गर्नु पर्दछ ।

१९ **प्रमाणकागजात बेगर भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ । पालिकाले देहायअनुसारको विविध खर्चको भुक्तानी गर्दा बिल भरपाई संलग्न नरहेको, संलग्न बिल भरपाई भन्दा बढी खर्च लेखेको देखिएको छ । तसर्थ पालिकाले देहायअनुसारको खर्च पुष्टी हुने बिल भरपाई, प्रमाण कागजात पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| गो.भौ./मिति | खर्चको प्रकृती | भुक्तानी प्राप्त गर्ने | रकम | कैफियत |
|---|---|---|---|---|
| ९२/०८०-८-१७ | मोबाईल खरिद | नेपाल टाईम्स सेन्टर | ४९००० | कर विजक पेश गर्ने |
| १३६/०८०-१०-५ | खाना खाजा बिलको भुक्तानी | बालाजी होटेल | २२२०० | रु.३९३०० को बिलको भुक्तानी रु.६१५०० गरेकोले बढी भुक्तानी असुल गर्ने |
| ३४६/०८१-२-३१ | विविध | बन्दना खतिवडा | १०५०० | बिल भरपाई पेश गर्ने |
| | विविध | होटेल कन्टिनेन्टल बिरगंज प्रा.लि. | ३३००० | बिल भरपाई पेश गर्ने |
| ३४९/०८१-३-६ | विविध | मन्दिप कुमार महतो | ४००० | बिल भरपाई पेश गर्ने |
| | विविध | शेषनाथ महतो कोइरी | १८००० | बिल भरपाई पेश गर्ने |
| २१/०८१-३-२४(सँघिय सर्शत) | | क्लाउड आई टि सोलिसन | ५७३१० | कर विजक, खरिद आदेश, दाखिला पेश गर्ने |
| ३०१/०८१-१-२३ | विबिध खर्च | अजय कुमार श्रिवास्तब | १५००० | बिल,भरपाई,प्रमाण कागजात पेश गर्ने |
| ३०१/०८१-१-२३ | विबिध खर्च | बन्दना खतिवडा | १०००० | बिल,भरपाई,प्रमाण कागजात पेश गर्ने |
| ३०१/०८१-१-२३ | विबिध खर्च | मन्दिप कुमार महतो | १५००० | बिल,भरपाई,प्रमाण कागजात पेश गर्ने |
| ३०१/०८१-१-२३ | विबिध खर्च | राजेश प्रसाद यादब | ७००० | बिल,भरपाई,प्रमाण कागजात पेश गर्ने |
| ३८६/०८१-३-२४ | विविध खर्च | चौहान पुस्तक एण्ड जेनरल स्टोर | २७०००० | बिल,भरपाई,प्रमाण कागजात पेश गर्ने |
| ३६/०८०-७-३ | पारिश्रमिक | अजय महतो नुनीया | १०००० | करारनामा,TOR, हाजिर पेश गर्ने |
| ३६/०८०-७-३ | पारिश्रमिक | जयनारायण गिरी | १०००० | |
| ३६/०८०-७-३ | पारिश्रमिक | बिजय साह | १०००० | |
| ३६/०८०-७-३ | पारिश्रमिक | सँतोष कुमार चौहान | १०००० | |
| | | जम्मा | ५५१०१०।- | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,५१,०१० |

२० **स्रेस्ता पेश गर्नेः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को नियम ३६(१) मा अन्तिम लेखापरिक्षणको सिलसिलामा लेखापरिक्षकबाट सोधिएको प्रश्नको जवाफ वा माग गरिएको लेखा तथा विवरण तोकिएको म्यादभित्र दाखिला गर्नु सम्बन्धित पदाधिकारी वा जिम्मेवार व्यक्तिको कर्तव्य हुने उल्लेख छ । पालिकाले लेखापरिक्षणको क्रममा पालिकाले देहायअनुसारको प्रमाण कागजात,स्रेस्ता पेश नगर्दा यस्तो भुक्तानी यकिन गर्न सकिएन । तर्सथ खर्च पुष्टी हुने स्रेस्ता, प्रमाणकागजात बिल भरपाई पेश गर्ने अन्यथा भुक्तानी प्राप्त गर्नेसँग असुल गर्नुपर्ने रु.

| गो.भौ./मिति | खर्चको प्रकृती | भुक्तानी प्राप्त गर्ने | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ३८/०८०-७-३ | विद्यालय भवन निर्माण | उ.स. | ६४०००० | स्रेस्ता पेश गर्ने |
| २९५/०८१-१-१९ | आर्थिक सहायता | पुजा समिति | ५५०००० | स्रेस्ता पेश गर्ने |
| ३२६/०८१-२-२२ | धर्म संस्कृती खर्च | प्राण प्रतिष्ठान मुल समिति | ३५०००० | स्रेस्ता पेश गर्ने |
| ३४३/०८१-२-२९ | पेश्की फर्छ्यौट | विजय कुमार झा | ७१८०० | स्रेस्ता पेश गर्ने |
| २८४/०८१-१-१२ | धर्म सँस्कृती | प्राण प्रतिष्ठा मुल समिति | ३००००० | स्रेस्ता पेश गर्ने |
| २८४/०८१-१-१२ | अधुरो शिव मन्दिर निर्माण(ठे.नं.१/०७५-७६) | बनशक्ति/सृजना अर्चना जे.भी | २००००० | चौथो रनिङ्ग बिलको भुक्तानी-BOQ पेश नहुँदा ठेक्का बिल यकिन गर्न सकिएन |
| २५८/०८१-१२-२५ | | | १०००००० | |
| १८५/०८०-१-२१ | | | २०००००० | |
| ११८/०८०-९-१७ | | | २०००००० | |
| ३४७/०८१-२-३२ | विविध खर्च | | ५२००० | स्रेस्ता पेश गर्ने |
| ३४९/०८१-३-६ | भ्रमण खर्च | | २२००० | स्रेस्ता पेश गर्ने |
| २९५/०८१-१-१९ | शालिक | प्राण प्रतिष्ठा मुल समिति | ५५०००० | स्रेस्ता पेश गर्ने |
| ७/०८१-३-२३(सड्क बोर्ड) | बाटो मर्मत तथा निर्माण | | १८०००० | स्रेस्ता पेश गर्ने |
| २४६/०८०-१२-७ | बृक्षारोपनको ज्याला | गायत्री देबी | १४८५०० | नापी,मुल्यांकन,अनुगमन पेश गर्ने |
| | बृक्षारोपनको ज्याला | शोशिधर राउत अहिर | १४८५०० | नापी,मुल्यांकन,अनुगमन पेश गर्ने |
| ११/०८१-३-२३(सड्क बोर्ड) | विविध खर्च | | ५५७०० | स्रेस्ता पेश गर्ने |
| ८४/०८०-८-१६ | पानी फ्रुटी खरिद | के-कती कार्यक्रमका लागि, खर्च पुष्टी हुने प्रमाणकागजात पेश नभएको | १२२००० | प्रमाण कागजात पेश गर्ने |
| १७/०८१-२-२५(सँघिय सर्शत) | विविध | रु.64240 को बिल संलग्न गरी ९०००० भुक्तानी- २५७६० को बिल पेश गर्ने | 25760 | बाँकीको बिल भरपाई पेश गर्ने अन्यथा असुल गर्ने |
| | जम्मा | | ८४,१६,२६० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८४,१६,२६० |

२१ **शिर्षक फरक पारी भुक्तानीः**

२१.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा विनियोजित बजेटको सीमा भित्र रहि सम्बन्धित खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले गो.भौ.नं.३५०/०८१-३-१३ बाट औषधी खरिदको भुक्तानी रामजी महतोको घरदेखी रिता देवीको घरसम्म नाला ढलान गर्ने वडा नं.९ योजना शिर्षकबाट ईस्लामाईल मेडिसिन सप्लायर्सलाई रु.१९९८००।- भुक्तानी गरेको छ। पालिकाले निर्माण कार्यको योजनामा विनियोजित बजेट रकमबाट औषधी खरिदको भुक्तानी गरेको नियम सम्मत मान्न सकिएन ।तसर्थ चालु प्रकृतीको कार्यक्रमको भुक्तानी निर्माण कार्यको योजनाबाट भुक्तानी गरेकोले नियमित देखिएन । रु.

| | |
|---|---|
| अनियमित भएको | १,९९,८०० |

२१.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा विनियोजित बजेटको सीमा भित्र रहि सम्बन्धित खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले गो.भौ.नं.३७८/०८१-३-२४ बाट तरकारीको बिउ विजन खरिदको भुक्तानी अधुरो बाटो ढलान दुसाद टोलमा वडा नं.६ शिर्षकबाट सुर्या एण्ड गँगा सप्लायर्सलाई रु.३९६,५००।- भुक्तानी गरेको छ। पालिकाले निर्माण कार्यको योजनामा विनियोजित बजेट रकमबाट तरकारीको बिउविजन खरिदको भुक्तानी गरेको नियम सम्मत मान्न सकिएन । साथै पालिकाले यस्तो बिउविजन कृषकलाई वितरण गरेको भरपाई समेत पेश नगर्दा यस्तो भुक्तानी यकिन गर्न सकिएन । तसर्थ भरपाई सहित नगरसभाबाट यस्तो भुक्तानी नियमित गरेको निर्णय पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९६,५०० |

२१.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा विनियोजित बजेटको सीमा भित्र रहि सम्बन्धित खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले गो.भौ.नं.३५५/०८१-३-१८ बाट मैनवत्ती बनाउने तालिम कार्यक्रमको भुक्तानी नमी महतोको घरदेखी ब्रहमस्थानसम्म जाने बाटोमा माटो पुरी ग्राभेल तथा ढलान गर्ने वडा नं.३ फुलवरिया शिर्षकबाट एग्रीकल्चर एण्ड स्कील डेभलपमेण्ट प्रा.लि.लाई रु.५९४,०००।- भुक्तानी गरेको छ। पालिकाले निर्माण कार्यको योजनामा विनियोजित बजेट रकमबाट चालु प्रकृतीको तालिमा कार्यक्रमको भुक्तानी गरेको नियम सम्मत मान्न सकिएन ।तसर्थ चालु प्रकृतीको कार्यक्रमको भुक्तानी निर्माण कार्यको योजनाबाट भुक्तानी गरेकोले नियमित देखिएन । रु.

| | |
|---|---|
| अनियमित भएको | ५,९४,००० |

२२ **मू.अ.करमा दर्ता नभएकोसँग खरिद-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले २० हजार भन्दा कम मूल्य पर्ने वा मू अ कर नलाग्ने मालसामान, परामर्श सेवा, वा अन्य सेवा बाहेकका मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद कार्य गर्दा मु.अ.कर दर्ता प्रमाण पत्र प्राप्त फर्म, कम्पनीवाट खरिद गर्नुपर्ने व्यावस्था छ । पालिकाले उल्लेखित नियमको पालना नगरी मू.अ.करमा दर्ता नभएका तपसिल बमोजिमका सेवा प्रदायकबाट विभिन्न मितिमा विभिन्न प्रयोजनकालागि वर्षभरीमा जम्मा रु. १३५६३००- भुक्तानी गरको छ । उक्त खर्च नियमित नदेखिएको रु.

| गो.भौ.नं./मिति | भूक्तानी पाउने | विजक जारी गर्ने | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १९७-२०८०/०७/०१ | बसन्तआर्ट्स | बसन्तआर्ट्स | प्रयोजननखुलेको खाजा खानाको फोटोकपी विल | **३७११४०** | एकैमितिमा विभिन्न प्यान विल प्रयोग |
| ३१४-२०८०/०८/१३ | रेवतीकुमार चौहान | रेवतीकुमार चौहान | छठपर्वको लागि २०८०/८/३ मा पाँचवटा प्यान विलबाट टेण्ट भाडामा लिएको | ७०५०० | १५%कर असुल गर्ने |
| ३४१-२०८०/०८/१७ | नेपालटेन्ट एण्ड क्याटरिङ्ग सर्भिस | नेपालटेन्ट एण्ड क्याटरिङ्ग सर्भिस | वडान ९ छठ पर्वको लागि २०८०/८/३ मा पाँचवटा प्यान विलबाट टेण्ट भाडामा लिएको | ३३०९०० | १५%कर असुल गर्ने |
| ३९९-२०८०/०९/०८ | विनोदपाण्डेय पे फ | आनन्दसाउण्ड डि जे लाइट एण्ड टेन्ट २०८०/८/२४ को ३ वडा बिल | मेयरकप क्रिकेट वडा न ६ | ५७५५० | |
| | | रोशन होटल प्रतियोगिता संचालन अवधी भर १५दिनमा | | १८०००० | |
| ४४५-२०८०/०९/०८ | वडासचिव ओम प्रकाश चौरसिया | सिमरनटेन्ट एण्ड डिजे सर्भिस सेन्टर | वडान २ मा छठ पर्व | ५०००० | |
| ५७९-२०८०/१०/२२ | रामप्रवेश प्रसाद चाइ | त्रिमुर्तीटेन्ट हाउस | वडा न ३मा नवरात्र पूजा | ७८५५० | |
| | | पप्पु डी जे एण्ड कुसवाहा टेन्ट हाउस | | ७८२०० | |
| ७०४-२०८०/१२/1९ | न्युअभिषेक स्टशनरी उद्योग | न्युअभिषेक स्टशनरी उद्योग | मसलन्दतथा कार्यालय सामग्री | ९९९६० | प्यानविल |
| ७२१-२०८०/१२/२६ | सलिममिया तेली | न्यसेरेनेपाल टेन्ट हाउस | इदुलफित्रमा टेन्ट | ३९५०० | प्यानविल |
| जम्मा | | | | १३५६३०० | |
| | | | | अनियमित भएको | १३,५६,३०० |

२३ **बायो ग्याँस प्लान्ट जडानः**

नविकरणीय उर्जा अनुदान निती, २०७८ को ११.५.१ मा घरायसी वायो प्लान्टहरुमा प्रतिप्लान्ट प्रति घरधुरी ६ घनमिटर क्षमता वा सो भन्दा बढी क्षमताको प्लान्टमा तराईको जिल्लामा रु.२८८००।– अनुदान दिने उल्लेख छ । पालिकाले यस वर्ष ६ घ.मी.क्षमताको बायोग्यास प्लान्ट निर्माणका लागि प्रति प्लान्ट रु.९९,९६५.३४।- को लागत अनुमान तयार गरी गो.भौ.नं.९/०८०-१२-२६ बाट गहबा माई गोबर ग्यास कम्पनी प्रा.लि. बिरगंजलाई प्रति प्लान्ट रु.९९५००।- को दरले ८ वटा प्लान्ट निर्माण/जडान बापत जम्मा रु.७९५,९९९।- भुक्तानी गरेको छ । पालिकाले यसरी उल्लेखित कार्यबिधी विपरित बढी दरमा खरिद गरी पुरै लागत बराबरको रकम सँधिय सर्शतबाट अनुदान भुक्तानी गरेकोले यस्तो भुक्तानी नियमसम्मत मान्न सकिएन ।

२४ **भ्रमण आदेश स्वीकृत नगरी भ्रमण खर्च -**

भ्रमण खर्च नियमावलीको नियम ३ मा भ्रमण आदेश र निर्णय विना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न वा काजमा जान नहुने तथा नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण

अभिलेख राख्नुपर्ने उल्लेख छ ।पालिकाका कार्यपालिका सदस्य अजय कुमारले गो भौ न २८४ मिति २०८०/०७/२४ मा खाली भ्रमण आदेश र खाली भ्रमण खर्च विल राखी रु २२००० भुक्तानी लिएको पाइयो।भ्रमण आदेश स्विकृत नगरी भ्रमण खर्च लिएको असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,००० |

२५ **शिर्षक फरक पारी खर्च-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(क) मा विभिन्न शिर्षक तथा कार्यमा स्वीकृत भएको रकम सो शिर्षक तथा कार्यको लागि मात्र खर्च गर्नुपर्न व्यवस्था रहेको छ।पालिकाले नगर सभाबाट स्वीकृत भएको बजेट शीर्षक भित्र रही तोकिएको कार्यक्रममा खर्च गर्नु पर्दछ।नमूना छनौट गरी लेखापरीक्षण गर्दा नगर सभाबाट स्वीकृत भएका तपसिल बमोजिमका कार्यक्रममा देहायका बजेट शीर्षकमा खर्च नगरी अन्य शीर्षकमा रु. २८४५५१५ खर्च गरेको छ। यसरी तोकिएको शीर्षकमा खर्च नगरी फरक प्रयोजनमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्दै निम्नानुसार गरिएको खर्च गर्नुपर्नेमा नगरी अनियमित देखिएको रु.

| गो भौ रमिति | विवरण | खर्च लेखेकोशिर्शक | हुनु पर्नेशिर्षक | भुक्तानी पाउने | रकम |
|---|---|---|---|---|---|
| ३७-२०८०/०६/१९ | पदाधिकारीभ्रमण खर्च | पारिश्रमिकपदाधिकारी | अनुगमनमूल्याङ्कन | रुबीकुमारी ठाकुर | ४०५० |
| | | | | निरज कुमार हजाम | २२५० |
| ४०८-२०८०/०९/०९ | पदाधिकारी भ्रमण खर्च | पारिश्रमिक पदाधिकारी | अनुगमन मूल्याङ्कन | प्रदुमन प्रसाद चौहान | २३००० |
| ४७६-२०८०/१०/०२ | पदाधिकारी भ्रमण खर्च | पारिश्रमिक पदाधिकारी | अनुगमन मूल्याङ्कन | नौसाद आलम | १३००० |
| ४८०-२०८०/१०/०४ | सूचना प्रकाशन खर्च | संचार महसुल | पत्रपत्रिका तथा सूचनाप्रकाशन | विभिन्न १८ वटापत्रिका | २८२९०० |
| ४८८-२०८०/१०/०५ | टोनरखरिद | सूचना प्रणालीसफ्ट्वेर संचालन | मसलन्द तथा कार्यालयसामग्री | गुरुकुल आइ टि प्लाजा | ९२७५१ |
| ५७१-२०८०/१०/१९ | संचार महसुल भुक्तानी | भ्रमण खर्च | संचार महसुल | रामबीर प्रसाद चौरसीया | १४८१४ |
| ६५९-२०८०/१२/०४ | सूचना प्रकाशन खर्च | पारिश्रमिक पदाधिकारी | पत्रपत्रिका तथा सूचनाप्रकाशन | ९ वटा मिडिया हाउस तथादैनिक पत्रिका | ९००००० |
| ६६०-२०८०/१२/०४ | फर्निचर तथाफर्निसिङ्ग | पारिश्रमिकपदाधिकारी/ कर्मचारी | फर्निचर तथाफर्निसिङ्ग | विभिन्न ४ वटा फर्म | ९४०००० |
| ६७७-२०८०/१२/०७ | पदाधिकारी भ्रमण खर्च | पारिश्रमिक पदाधिकारी | अनुगमन मूल्याङ्कन भ्रमण खर्च | प्रदुमन प्रसाद चौहान | १५००० |
| | | | | नौसाद आलम | १२००० |
| | | | | रुबी कुमारी ठाकुर | १८००० |
| ७५९-२०८१/०१/१२ | खानाखाजाको विल भुक्तानी | सेवा र परामर्श खर्च | विविध खर्च | राधेश्याम मिष्ठान्नभण्डार | ४९२५० |
| | पानी फ्रुटी र कार्यालय सम्बन्धी | | | चौहान पुस्तक एण्डजेनरल स्टोर | ९८५०० |
| ८२०-२०८०/०२/०१ | सूचनाप्रकाशन खर्च | पोशाक | पत्रपत्रिका तथा सूचनाप्रकाशन | विभिन्न | ७५००० |
| ८२५-२०८१/०२/०१ | वडान ६ स्वास्थ्य चौकीका कर्मचारीलाइ अवलोकन भ्रमण | वडा व्यवस्थापन खर्च | अवलोकन भ्रमण | वडा सचिव बिजय कुमारसाह | २३०००० |
| ८३५-२०८१/०२/०२ | भ्रमणखर्च | सेवा र परामर्श खर्च | भ्रमण खर्च | ७ जना कर्मचारी | ७५००० |
| जम्मा | | | | | २८४५५१५ |

| | |
|---|---|
| अनियमित भएको | २८,४५,५१५ |

२६ **व्यक्तिलाई भुक्तानी-**

नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शनको वुंदा नं ४५ मा सबै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ।लेखापरीक्षणका क्रममा नमूना परीक्षण गर्दा पालिकाले तपसिल बमोजिमको बिल पेश गरेको आधारमा ब्यक्तिलाई रु. ४९५५०० सोधभर्ना भुक्तानी दिएको देखियो । सप्लायर्सबाट गरेको बस्तु तथा सेवा भुक्तानी सम्बन्धितको खातामा नै दिनुपर्नेमा कर्मचारीको नाममा निकासा दिएको अनियमित देखिन्छ। बस्तु तथा सेवा खरिदको रकम सम्बन्धित सप्लायर्सको खाता मार्फत भुक्तानी दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

| गो भौ न मिति | विवरण | बिजकजारी गर्ने | भुक्तानीपाउनेको नाम थर | पाएको |
|---|---|---|---|---|
| ३१४-२०८०/०८/१३ | धर्म संस्कृति खर्च | सोनु एण्ड सोसीता टेन्ट हाउस | रेवती कुमार चौहान | ८०५०० |
| ४१४-२०८०/०९/१५ | वडा नं. धार्मिक सांस्कृतिक कार्यक्रम | आनन्द साउण्ड डि.जे लाइट एण्ड टेण्ट | वडा सचिव विजय कुमार साह | ३००००० |
| ७९१-२०८१/०१/१९ | चीया नास्ता खर्च | रोशन होटल, बहुअर्वा | वडा सचिव निरज कुमार द्विवेदी | ११५००० |
| जम्मा | | | | ४९५५०० |

२७ **बढी अनुगमन भत्ता -**

मधेश प्रदेशबाट जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ८ अनुसार पदाधिकारी तथा सदस्यले स्थानीय तहले संचालन गरेको आयोजना वा कार्यक्रमको अनुगमन गरेवापत प्रतिमहिना बढीमा तीन पटक सम्मको अनुगमन भत्ता दिने व्यवस्था छ।पालिकाले आ.व. २०८०/८१ मा उल्लेखित ऐनले तोकेको भन्दा बढी संख्यामा योजना अनुगमन भत्ता रु. ६८००० पदाधिकारी र कर्मचाचारीहरुलाई भुक्तानी गरेको देखियो। अत: बढी भुक्तानी भएको रकम सम्वन्धित कर्मचारी तथा पदाधिकारीबाट असुल गर्नुपर्ने रु.

| गो भौ नमिति | विवरण | पद | भुक्तानी पाउनेकोनाम थर | अनुगमन संख्या | नियमानुसार पाउने | बढी अनुगमन संख्या | दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|
| ७८५-२०८१/१/१९ | चालुखर्चतर्फको गो भौ न ७८५ बाट रु १००००० र पूजिगत तर्फको गो भौ न २९२ मिति २०८१/१/१९बाट रु १४०००० संयुक्त रुपमा भुक्तानी | नगरप्रमुख | प्रदुमन प्रसाद चौहान | ५० | ३६ | १४ | १००० | १४००० |
| | | नगर उप प्रमुख | रुबी कुमारी ठाकुर | ५० | ३६ | १४ | १००० | १४००० |
| | | नि प्रमुख प्रशासकीय अधिकृत | अजय कुमार श्रीवास्तव | ५० | ३६ | १४ | १००० | १४००० |
| | | लेखा प्रमुख | मन्दिप कुमार महतो | ५० | ३६ | १४ | १००० | १४००० |
| | | योजना प्रमूख | संजय कुमार पाण्डेय | ४० | ३६ | ४ | १००० | ४००० |
| | | योजना प्रमूख | बैजनाथ महतो थारु | ४० | ३६ | ४ | १००० | ४००० |
| | | क अ | बन्दना खतिवडा | ४० | ३६ | ४ | १००० | ४००० |
| जम्मा | | | | | | | | ६८००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६८,००० |

२८ **बिल भन्दा बढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा बिल वा बिजकको भुक्तानी सम्बन्धमा नापी किताबमा उल्लेख भएको वास्तविक कार्यको मुल्यांकनको आधारमा भुक्तानी गर्नु पर्ने उल्लेख छ । पालिकाले नाला निर्माण कार्यका लागी उपभोक्ता समितिसँग रु.३२३५५०६.०३ को लागत अनुमान तयार गरी निर्माण कार्य सम्पन्न गर्न मिति २०८०/१०/११ मा सम्झौता गरेको छ । पालिकाले

उक्त कार्यको जम्मा रु.३२३३५५९.९४ को मुल्यांकन गरी गो.भौ.नं.१६/०८१-२-२४(सँघिय सर्शत) बाट रु.२९,१०,०००।- भुक्तानी गरेकोमा डण्डीको ७४१८.९५ के.जी.(दर १४३.४४) मुल्यांकन गरेको देखियो । स्रेस्ता परिक्षण गर्दा ९१०.४० के.जी. मात्रको बिल पेश भएको देखिँदा बिल भन्दा बढी मुल्यांकन गरेकोले बढी परिमाण ६५०८.५५ के.जी.को रु.१४३.४४ को दरले रु ९३३५८६।१२ बढी भुक्तानी भएको देखियो । तसर्थ पेश भएको बिलभन्दा बढी परिमाणमा डण्डी प्रयोग भएको प्राविधिक पुष्टयाई पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,३३,५८६.१२ |

२९ **बढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले सड्क बोर्डअन्तर्गतका माटो पुरी ग्राबेल सडक निर्माण कार्यका लागि उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराएकोमा लागत अनुमान तथा सम्झौतामा १०% उपभोक्ताले, ७०% सड्क बोर्डले र २०% पालिकाले व्यहोर्ने उल्लेख छ । पालिकाले देहायअनुसारको योजनाको भुक्तानी गर्दा मुल्यांकन तथा उपभोक्ताको बिलमा प्राविधिकबाट उपभोक्ता, पालिका र सडक बोर्डले व्यहोर्ने अंश स्पष्ट तोकिएकोमा समेत सडक बोर्डबाट व्यहोर्ने र पालिकाबाट भुक्तानी हुने रकम समेत सड्क बोर्डबाट नै भुक्तानी गरेकोले यस्तो समपुरक रकम पालिकाले सँघिय सँचित कोषमा दाखिला गर्नुपर्ने रु.

| गो.भौ. | योजनाको नाम | खरिद बिधी | मुल्यांकन | भुक्तानी हुने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ६/०८१-३-२३ | विभिन्न बाटो मर्मत सम्भार | उपभोक्ता समिति | १०३९९१५.८० | ५९९८२३.४३ | ८५६८९० | २५७०६६.५७ |
| ५/०८१-३-२३ | विभिन्न बाटो मर्मत सम्भार | जय भोले उ.स. | २४२७१२०.५८ | १३९९९६३.१५ | १९९९९०० | ५९९९३६.८५ |
| ९/०८१-३-२४ | विभिन्न बाटो मर्मत सम्भार | उ.स. | ८८१३४६.३६ | ६१६९४२.४५ | ७०५००० | ८८०५७.५५ |
| १०/०८१-३-२४ | विभिन्न बाटो मर्मत सम्भार | दिपा निर्माण सेवा | ४१५००९.४७ | २९०५०६.६२ | ४१५००० | १२४४९३.३८ |
| | | | | | जम्मा | १०६९५५४.३५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,६९,५५४.३५ |

३० **बिद्यालय अनुदानः**

नगर सभाबाट पारित वार्षिक बजेट तथा कार्यक्रममा राधा कृष्ण नेपाल राष्ट्रिय प्राथमिक विद्यालय सतवरियालाई अनुदान रु.३ लाख ९० हजार विनियोजन गरिएको छ । पालिकाले गो.भौ.नं.६०/०८०-७-२४ बाट ५ लाख निकासा भुक्तानी गरेको देखियो । तसर्थ स्विकृत बजेटभन्दा बढी अनुदान भुक्तानी सम्बन्धित बिद्यालयबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १,१०,००० |

३१ **गत वर्षको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी गत आ.व.को योजना नाला निर्माणको भुक्तानी उपभोक्ता समितिलाई गो.भौ.नं.१४८/०८०-१०-१३ बाट रु.८९४८४२।- भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८,९४,८४२ |

३२ **प्रयोजन,लागत विवरण बेगर पेश्कीः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४७ मा सरकारी कामको लागि पेश्की दिनु पर्दा कुन कामको लागि के कति रकम चाहिने हो त्यसको यकिन विवरण खुलाई निबेदन पेश गर्ने र कार्यालय प्रमुखको आदेशबमोजिम पेश्की दिनु पर्ने उल्लेख छ । नियम ४८ मा दैनिक तथा भ्रमण खर्च पेश्की दिन सक्ने र नियम ४९ मा मालसामान खरिद गर्न समेत पेश्की दिन सक्ने उल्लेख छ ।पालिकाले गो.भौ.नं.२२३/०८०-११-७ बाट पेश्कीको प्रयोजन, लागत अनुमान, निबेदन, भुक्तानी दिने तोकआदेशका साथै पेश्की भुक्तानी भएको व्यक्तिको निबेदन बेगर समेत सँजय कुमार पाण्डेयलाई समपुरक कोष शिर्षकबाट रु.७००,०००।- पेश्की भुक्तानी गरेको छ। यसरी पालिकाले नियमाबलीअनुसार प्रयोजन, लागत अनुमान, निबेदन बेगर पेश्की भुक्तानी गरेकोले यस्तो पेश्की भुक्तानी नियमसम्मत मान्न सकिएन ।

३३ **स्वास्थ्य चौकी भवन-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले वडा नं.१०को स्वास्थ्य चौकी भवन निर्माणका लागि रु.८६,२९,७९८.७४ को लागत अनुमान तयार गरी राधा कृष्ण स्वास्थ्य चौकी भवन निर्माण उपभोक्ता समितिबाट निर्माण कार्य गराएको छ । पालिकाले अन्तिम बिलको भुक्तानी गर्दा जम्मा मुल्यांकन रु.८६,१८,७०२.९१ को गरी गो.भौ.नं.३१७/०८१-२-७ बाट रु.१३४५२९७।- र २७५/०८०-१२-२८ बाट रु.२७००००।- गरी अन्तिम बिलबापतको जम्मा रु.१६१५२९७।- भुक्तानी गरेको छ। स्रेस्ता परिक्षण गर्दा निर्माण कार्यको डिटेल नापी किताब पेश नहुँदा वास्तविक मुल्यांकन यकिन गर्न सकिएन । तसर्थ नापी किताब पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,१५,२९७ |

३४ **भेरिएसन आदेशः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाको बखत पुर्वानुमान गर्न नसकिएको परिस्थिती सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई उपदफा "क" देखी "च" सम्म तोकिएको अधिकारीले तोकिएको प्रतिसतसम्मको भेरिएसन आदेश जारी गर्न सकिने उल्लेख छ र नियमावलीको नियम ११८ मा तोकिएको कार्यविधि, प्रकृया पुरा गरी यस्तो भेरिएसन आदेश जारी गर्नु पर्ने उल्लेख छ ।पालिकाले स्वास्थ्य चौकी भवन निर्माण कार्यका लागि ठेक्का नं.04/M/Pokhariya/PAR/2079/080 बाट रु.७५,०८,८२३।- मा कार्यसम्पन्न गर्न मिति २०८०-२-९ मा निर्माण व्यवसायी मिश्रा निर्माण सेवासँग सम्झौता गरेको छ । पालिकाले यस्तो कार्यको तेस्रो तथा अन्तिम रनिङ्ग बिलमा कुल रु.७४,९२,३४०.१४ को मुल्यांकन गरी गो.भौ.नं.२८/०८०-७-२ बाट रु.२५,८९,२८८।- भुक्तानी गरेको छ । पालिकाले जम्मा रु.७४,९२,३४०.१४ को कार्यसम्पन्न प्रतिबेदन जारी गरेको छ । स्रेस्ता परिक्षण गर्दा देहायअनुसारको आईटममा BOQ भन्दा बढी परिमाणको भुक्तानी भएको देखियो । पालिकाले नियमानुसार भेरिएसन आदेश स्विकृती बेगर यसरी बढी परिमाणको भुक्तानी गरेकोले यस्तो भुक्तानी नियम सम्मत देखिएन । तसर्थ नियमानुसार भेरिएसन आदेश स्विकृत गरी पेश गर्नुपर्ने अन्यथा निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| आईटम नं. | विवरण | BOQ परिमाण | भुक्तानी परिमाण | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| B1 | माटो खन्ने कार्य | १५७.६८ घ.मि. | १७५.३९ घ.मि. | ८०० | १४१६८ |
| B २ | माटो पुर्ने कार्य | ४२०.८८ घ.मि. | ४९२.२२ घ.मि. | ४५० | ३२१०३ |
| B ३ | बोल्डर सोलिङ्ग | ४१.७१ घ.मि. | ४५.०५ घ.मि. | ४३०० | १४३६२ |
| B4 | M15 | २०.८५ घ.मि. | ३०.२९ घ.मि. | १०००० | ९४४०० |
| B ५ | M 20 | १०३.१८ घ.मि. | १०६.२१ घ.मि. | १३००० | ३९३९० |
| B 6 | फलामे डण्डी | ९५८९.७१ के.जी. | १२१४४.८१ के.जी. | १३० | ३३२१६३ |
| B ७ | फर्म वर्क | ७७१.२७ वर्ग मि. | ८०१.१८ वर्ग मि. | ६५० | १९४४१.५ |
| B ८ | ईटाको गारो लगाउने काम | ९९.५१ घ.मि. | १०६.२९ घ.मि. | १५३०० | १०३७३४ |
| B १३ | कोलापसिवल गेट | ५००.०५ के.जी. | ६४८.७६ के.जी. | २०० | २९७४२ |
| B १५ | CGI sheet | १४.४१ वर्ग मि. | १७.०८ वर्ग मिटर | ९६५ | २५७६.५५ |
| | | | जम्मा | | **६८२०८०.०५** |

| प्रमाण पेश नगरेको | ६,८२,०८०.०५ |
|---|---|

३५ **ठे.नं.०२/M/Pokhariya/NCB/W/080/81:**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले रु.८७,०८,४५३.६९ मा कालोपत्रे सड्क निर्माणका लागि निर्माण व्यवसायी श्री बहदुरमाई कन्सट्रक्सन कम्पनी प्रा.लि.सँग २०८१/१/२४ मा सम्झौता गरेको छ। उक्त कार्यको दोस्रो बिलको रु. ४९,३०,५९२.४७ को मुल्यांकन गरी पालिकाले गो.भौ.नं.२३/०८१-३-२४ बाट रु.४९,८९,०००।- भुक्तानी गरेको छ। यसरी मुल्यांकन भन्दा रु.५८४०७.५३ बढी भुक्तानी भएकोले निर्माण व्यवसायीबाट यस्तो बढी भुक्तानी असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ५८,४०७.५३ |
|---|---|

३६ **विशेष अनुदानः**

पोखरीया नगरपालिकाको नगर स्तरीय योजना अन्तर्गत नेपाल सरकारको विशेष अनुदानवाट संचालन हुने वेरोजगार युवायुवतीहरुलाई आय आर्जन गरी जिविकोपार्जन गर्न सिपमूलक तालिम कार्यक्रमको लागि मिति २०८०।७।२ मा प्रतिक दैनिक पत्रिकामा १५ दिने सूचना प्रकाशन गरी पर्न आएका ३ वटा आर्थिक प्रस्तावकहरु कम्यूनिटी डेभलपमेन्ट सेन्टर प्रा लि सोसियल डेभलपमेन्ट सेन्टर प्रा लि र आज्ञा इन्ष्टिच्यूट अफ टेक्नोलोजि प्रा लि हरुले पेश गरेको दर मध्ये कम्यूनिटी डेभलपमेन्ट सेन्टर प्रा लि ले पेश गरेको दरभाउ रु ६९७८४४५ सवैभन्दा कम भएकोले सोही प्रा लि संग संझौता भएको छ।यस प्रा लि ले २८० जना वेरोजगार युवायुवतीहरुलाई माग र आवश्यकतानुसारको तालिम दिइ रोजगार वनाउने लक्ष्य लिएको छ।यस कार्यक्रमको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेको छः

-सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७० मा सार्वजनिक निकायले २० लाख रुपैयाभन्दा वढी मूल्यको परामर्श सेवा खरिद गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा ३० वमोजिम ईच्छुक व्यक्ति फर्म वा कम्पनीवाट सो सम्वन्धी आशय पत्र संकलन गरी संक्षिप्त सूची तयार गर्न कम्तिमा १५ दिनको अवधि दिइ राष्ट्रिय स्तरको समाचार पत्रमा तोकिए वमोजिमका कुराहरु खुलाई सूचना प्रकाशन गर्नु पर्ने र दफा ३१ मा संक्षिप्त सूचिमा परेका आशयपत्र दाताहरुलाई प्रस्ताव सम्वन्धी कागजात तोकिए वमोजिम पठाइ

कम्तीमा ३० दिनको समय दिइ निजहरुवाट प्रस्ताव माग गर्नु पर्ने व्यवस्था छ।तर पालिकाले १५ दिनको मात्र म्याद दिइ संक्षिप्त सूचि तयार नगरी सिधै प्रस्ताव माग गरेको नियमसम्मत देखिएन।

-सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३१ मा आपूर्तिकर्ता वा सेवा प्रदायकलाई खरिद सम्झौतामा उल्लेख भए वमोजिम पेश्की दिन सकिने व्यवस्था छ।यसरी पेश्की दिंदा आपूर्तिकर्ता वा सेवा प्रदायकवाट त्यस्तो पेश्की रकम खाम्ने गरी निजले संझौता वमोजिम काम नगरेमा तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी वाणिज्य वैंकवाट जारी गरिएको वैंक जमानत पेश गर्नु पर्ने व्यवस्था छ।पालिकाले संझौता पत्रको वुंदा नं १५ भुक्तानीको शर्त र तरिकामा पहिलो किस्तावापत संझौता भएको ७ दिन भित्र पेश्कीको रुपमा ४० प्रतिशत तथा वाँकी ६० प्रतिशत भुक्तानीका लागि विल पेश गर्दा कार्यसम्पन्न भएपछि वुझाउनु पर्नेमा गो भौ नं १२२ मिति २०८०।८।१८ मा रु १७५०००० र गो भौ नं २५४ मिति २०८१।१।२७ मा रु १०५०००० समेत जम्मा रु २८००००० पेश्की भुक्तानी भएको देखियो ।नियमानुसार वैंक जमानत लिइ खरिद सम्झौता रकमको २० प्रतिशतमा नवढ्ने गरी पेश्की दिन सकिने व्यवस्था रहेकोमा वैंक जमानत नलिइ सम्झौता रकमको करीव ४० प्रतिशत पेश्की दिएको नियमसम्मत देखिएन।

-उक्त तालिममा के कति युवाहरुले प्रशिक्षण लिइ सिप हासिल गरे सो को विवरण सहितको नाम लिस्ट पालिकाको वेभसाइटमा राखी सार्वजनिक गरेको छैन तथा प्रशिक्षणवाट स्वरोजगारमा के कस्तो सकारात्मक प्रभाव पर्यो सो अनुगमन गरी विश्लेषण गरेको देखिएन।

-संझौताको वुंदा नं १३ मा संझौताको कूल रकम रु ६९७८४४५ रहने तथा कवोल अंक पनि सोही रकम रहेकोमा कूल रकम रु ७३३५४०० खर्च लेखेकोले संझौता भन्दा वढी खर्च लेखेको रु ३५६९५५ उक्त प्रा लि संग असुल गरी संघीय संचित कोष दाखिला गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,५६,९५५ |

३७ **PS Items:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ ।पालिकाले देहायअनुसारको उपभोक्ता समिति/निर्माण व्यवसायीलाई PS Items को भुक्तानी गरेकोमा सोको बिल भरपाई/रिपोर्ट/फोटोसंलग्न गरेको देखिएन । तसर्थ बिल भरपाई/रिपोर्ट/फोटो बेगर रु.६००२०।- भुक्तानी भएकोले सोको बिल भरपाई/रिपोर्ट पेश गर्ने अन्यथा सम्बन्धित उपभोक्ता समिति/निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| गो.भौ./मिति | योजनाको नाम | भुक्तानी प्राप्त गर्ने | कार्य विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ११/०८०-५-९ | कालोपत्रे सडक निर्माण | नितु कन्स्ट्रक्सन | ल्याब टेष्ट | २०००० | रिपोर्ट र बिल नरहेको |
| | | | सुचना पाटी | २००० | फोटो र बिल नरहेको |
| २८/०८०-७-२ | स्वास्थ्य चौकी भवन निर्माण | मिश्रा निर्माण सेवा | बिमा | ४०२० | बिमा लेख, बिल पेश नभएको |
| | | | ल्याब टेष्ट | १०००० | रिपोर्ट र बिल नरहेको |
| | | | सुचना पाटी | २००० | फोटो र बिल नरहेको |
| ३३/०८०-७-२ | कालोपत्रे सड्क निर्माण | जागृती कन्स्ट्रक्सन | ल्याब टेष्ट | २०००० | रिपोर्ट र बिल नरहेको |
| | | | सुचना पाटी | २००० | फोटो र बिल नरहेको |
| | | | | ६००२०।- | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,०२० |

३८ **खानेपानी योजनाः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ मा सार्वजनिक निकायले बिस लाख रुपैयाभन्दा बढीलागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुन सुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष एकै प्रकृतिको देहायअनुसारको चापाकल जडान, ह्याण्ड पम्प वोरिङ्ग कार्य छुट्टा छुट्टै योजना बनाई २८६ थान जम्मा

रु.९५,२१,५९६।- को चापाकल कोटेशन बिधिबाट खरिद गरेको छ । पालिकाले एकै प्रकृतिको खरिद कार्य छुट्टा छुट्टै लागत अनुमान तयार गरी कोटेशनबाट खरिद गर्दा प्रतिस्पर्धा सिमित भएको र मितव्ययी तवरले खरिद भएकोमा आश्वस्त हुन सकिएन । तसर्थ पालिकाले एउटै प्रकृतिको खरिद कार्यको प्याकेजमा लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा प्रतिस्पर्धा सिमित हुने गरी कोटेशनबाट खरिद गरेकोले नियमसम्मत मान्न सकिएन । तसर्थ पालिकाले एउटै प्रकृतिको खरिद कार्यको प्याकेजमा लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्दछ ।

| गो.भौ./मिति | योजनाको नाम | खरिद बिधी | जडान सँख्या | भुक्तानी रकम |
|---|---|---|---|---|
| २७/०८०७-१ | चापाकल खरिद | कोटेशन | २ थान | ८४२०० |
| ४५/०८०-७-१० | ह्याण्ड पम्प बोरिङ्ग | उ.स. | १३ थान | २०३२६५६ |
| ७६/०८०-८-१३ | चापाकल खरिद | कोटेशन | ३४ थान | ९५८९०० |
| ८०/०८०-८-१५ | चापाकल खरिद | कोटेशन | १७ थान | २५०००० |
| ९४/०८०-८-१८ | चापाकल खरिद | कोटेशन | ७ थान | १९३९३२ |
| १०५/०८०-९-४ | चापाकल खरिद | कोटेशन | ३३ थान | ९६०००० |
| १०६/०८०-९-४ | चापाकल खरिद | कोटेशन | ३७ थान | ९७१५२० |
| १०७/०८०-९-४ | चापाकल खरिद | कोटेशन | ३४ थान | ९६८७०० |
| १०८/०८०-९-६ | चापाकल खरिद | कोटेशन | ९ थान | ४१५०० |
| ११४/०८०-९-१७ | चापाकल खरिद | कोटेशन | ४ थान | ९८१३० |
| १३०/०८०-१०-२ | चापाकल खरिद | कोटेशन | ३७ थान | ९६८७५० |
| १३४/०८०-१०-३ | चापाकल खरिद | कोटेशन | ३७ थान | ९६८४३८ |
| १४७/०८०-१०-१३ | चापाकल खरिद | कोटेशन | १७ थान | ४८४८७० |
| ३११/०८१-२-१ | ह्याण्ड पम्प बोरिङ्ग | उ.स. | ३ थान | २००००० |
| ३२७/०८१-२-२२ | ह्याण्ड पम्प बोरिङ्ग | उ.स. | २ थान | ३४०००० |
| | | | २८६ थान | ९५२१५९६।- |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । साथै कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त नहुने हुँदा यस्तो कार्यमा नियन्त्रण गर्नु पर्ने देखिन्छ ।पालिकाले यस वर्ष देहायअनुसारको चापाकल जडानका लागि छुट्टा छुट्टै योजना बनाई २८६ थान जम्मा रु.९५,२१,५९६।- को चापाकल कोटेशन बिधिबाट जडान गरेको छ । यस्तो योजना पालिकाले विगत वर्ष देखि नै सञ्चालन गर्दै आईरहेकोमा समेत कार्यबिधि तयार गरेको छैन । कार्यबिधि बेगर यस्तो योजना सञ्चालन गर्दा वास्तविक लाभग्राही छनौट भई योजनाबाट आर्थिक सामाजिक रुपले कमजोर वर्गले योजनाको लाभ प्राप्त भएकोमा आश्वस्थ हुन सकिएन । साथै पालिकाले खानेपानी सुविधा पुर्‍याउने यस्तो योजनाको आवश्यक्ता पहिचान, बृहत खानेपानी आयोजनाको आवश्यक्ता पहिचान, लाभग्राही पहिचान लगायत सँघिय र प्रादेशिक खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट पालिकामा प्रस्तावित, सञ्चालित एंव निर्माणाधिन खानेपानी आयोजनाको अवस्थाको अध्ययन समेत नगरी परिवारको सदस्यको मात्र पहुँच हुने स्यालो ट्युबेल खानेपानी प्रविधिमा लगानी गर्दा यस्तो लगानी दिगो र आम जनताको पहुँच हुने देखिएन ।तसर्थ पालिकाले बृहत खानेपानी योजनाको विकल्प पहिचान गरी राज्यको दिगो लगानीको सुनिश्चितता कायम गर्नु पर्दछ ।

३९ **जिन्सी लगत कट्टाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले यस वर्ष देहायअनुसारको मालसामान, ईलेक्ट्रोनिक्स डिभाईस कार्यालय प्रयोजनको लागि खरिद गरी भुक्तानी गरेको र सोको दाखिलासँगसँगै कार्यालयको कर्मचारीकै नाममा हस्तान्तरण/खर्च निकासा जनाई PAMS बाट जिन्सी लगत कट्टा समेत गरेको देखियो । यसरी पालिकाको जिन्सी लगत कट्टा गरी कर्मचारी पदाधीकारीलाई हस्तान्तरण गरेकोले यस्तो जिन्सी मालसामान PAMS जिन्सी दाखिला गरी पालिकाले आफ्नो स्वामित्वमा सम्पती संरक्षण गर्नु पर्ने देखिन्छ । तसर्थ PAMS मा दाखिला गरी दाखिला प्रतिबेदन पेश गर्नुपर्ने रु.

| सामानको विवरण | गो.भौ./मिति | रकम | दाखिला | हस्तान्तरण/खर्च निकासा | बुझिलिएको कर्मचारी/पदाधीकारी |
|---|---|---|---|---|---|
| सिलिङ्ग फयान ६ थान<br>स्टेन्ड पंखा १ थान | ३२० / ०८१ - २ - १७ | ३३९८५ | ३०९ / ०८१ - २ - १० | १६ / ०८१ - २ - १२ | नौसाद आलम ( वडा नं . ९ को अध्यक्ष ) |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३३,९८५ |

## ४० वितरणमुखी खर्च-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायअनुसारको गो.भौ.बाट स्प्रे टंकी र फलफुलको बिरुवा कोटेशनबाट खरिद गरी बिक्रेतालाई रु.१९३९३७३।- भुक्तानी दिएको छ। खरिद गरेको सामाग्री मध्ये पालिकाले सामग्री वडाहरुमा वितरणको लागि पठाई वडा अध्यक्षबाट वितरण भरपाई गरेको देखिन्छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

| गो.भौ./मिति | सप्लायर्स | सामानको विवरण | सँख्या | रकम |
|---|---|---|---|---|
| १३१/०८०-१०-२ | आयुष बिज ट्रेडर्स | स्प्रे टंकी | १९ थान | ९९६५५ |
| १३२/०८०-१०-२ | राधेकृष्ण फलफुल नर्सरी तथा तरकारी उत्पादन फार्म | फलफुलको विरुवा(आँप,लिची,कटहर) | २११५ | ४९८७५० |
| १६६/०८०-१०-१६ | राधेकृष्ण फलफुल नर्सरी तथा तरकारी उत्पादन फार्म | फलफुलको विरुवा(आँप,लिची,कटहर) | २३९० | ४९९६२० |
| २०६/०८०-१०-२९ | किसु फलफुल नर्सरी वागबानी फार्म | फलफुलको विरुवा(आँप,लिची,कटहर) | ९५० | १९९२०० |
| ३०८/०८१-२-१ | अल अफ सप्लायर्स | स्प्रे टंकी | ८ | ४९४४८ |
| ३१०/०८१-२-१ | जय नेपाल वायोटेक टेक्नोलोजी प्रा.लि. | फलफुलको विरुवा(आँप,लिची,कटहर) | १३१५ | १९९००० |
| ३७९/०८१-३-२४ | ए टु जेड एण्ड गुड सप्लायर्स | स्प्रे टंकी | ६२ | ३९३७०० |
| | | जम्मा | ६८५९ | १९३९३७३ |

## ४१ प्रमाण तथा स्पेशिफिकेसनः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ वमोजिम रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने विल भरपाइ तथा प्रमाण कागजातहरु संलग्न गरेर मात्र भुक्तानी खर्च लेख्नु पर्ने व्यवस्था छ।गणपति ट्रेड एण्ड सप्लायर्स वीरगंजवाट ल्यापटप १ थान खरिद वापत रु १२३९६१ को मात्र विल समावेश गरी गो भौ नं ८४ मिति २०८०।६।२८ मा रु १५३५६० खर्च लेखेको छ।

ल्यावटपको स्पेशिकफिकेशन समेत खुलेको छैन ।तसर्थ विल भन्दा वढी भुक्तानी गरेको रु २९५९९ के वापतको खरिद हो खरिद आदेश, दाखिला रिपोर्ट सहित pams दाखिला भएको प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २९,५९९ |

४२ **खर्चको प्रमाणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ वमोजिम रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने विल भरपाइ तथा प्रमाण कागजातहरु संलग्न गरेर मात्र भुक्तानी खर्च लेख्नु पर्ने व्यवस्था छ।देहायका फर्म तथा संस्थावाट रु ७६२९५२५ वरावरको सामान खरिद गरी खर्च लेख्दा सो को पुष्टी हुने कागजातहरु समावेश गरेको नदेखिएकोले सो को प्रमाण पेश हुनु पर्ने रु

| भौ नं मिति | विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| ९२।७।१ | कुशवाहा विज भण्डारवाट हेक्साजोल १५० पिस र क्लोरोपाइरोफोस १५० पिस खरिद गरी वितरण | ९७५०० | कृषक छनौटको निर्णय पेश नभएको |
| १२०।८।१८ | विभिन्न शाखामा एल्मुनियम पार्टेशन | २८९५० | मरमत आदेश नभएको |
| १७२।१०।१६ | सर्जिकल सामान | ५९९७०० | हस्तान्तरण नभएको |
| १७३।१०।१९ | आयुर्वेदिक औषधी | ७९९५७० | हस्तान्तरण नभएको |
| १९६।११।२३ | स्यानीटरी प्याड १८५०० थान | ९९९०४९ | विद्यालयलाई हस्तान्तरण तथा भरपाइ नभएको |
| १५३।९।२६ | न्यानो झोला ११०० थान | ९८६९४२ | हस्तान्तरण नभएको |
| २७०।२।११ | स्यानीटरी प्याड व्यवस्थापन | १०८९३० | विल भरपाइ तथा हस्तान्तरण नभएको |
| २७१।२।११ | नेपकीन भेन्डीग २ वटाऽ स्यानीटरी ह्याप्कीग ६ वटा | ३९८८९० | विद्यालयलाई हस्तान्तरण नभएको |
| १०५।७।२५ | आमा सुरक्षा कार्यक्रम श्रावण देखि कार्तिक सम्म | १५३१००० | खर्चको विवरण पेश नभएको |
| १२४।८।१८ | विविध खर्च | ३५६०० | विल पेश नभएको |
| ३१५।३।१८ | सर्जिकल सामानहरु | ४८६४०० | Pams मा दाखिला नभएको |
| ३३२।३।१९ | सर्जिकल सामानहरु | ९८४९४ | Pams मा दाखिला नभएको |
| ३४९।३।२१ | स्यानीटरी प्याड २६०० थान | १३०००० | खरिद आदेश , pams दाखिला तथा विद्यालयलाई हस्तान्तरण नभएको |
| ३६९।३।२४ | डेस्कटप डेल , मनिटर डेल र क्यानन प्रिन्टर | १०७००० | Pams मा दाखिला नभएको |
| ३७५।३।३० | मसलन्द , सर्जिकल सामान , रेनकोट र cpvc पाइपहरु | ५७२७० | Pams मा दाखिला नभएको |
| ३६६।३।२३ | कृषि पशुपन्छी तथा मत्स्य तथ्यांक अद्यावधिक गरे वापत प्रभात कुमार मिश्रलाई भुक्तानी | १००००० | प्रमाण कागजात पेश नभएको |
| ७९।८।१३ | दिर्घरोगीहरुलाई उपचार खर्च | १८०००० | खर्चको प्रमाण पेश नभएको |
| १६४।१०।२५ | आर्थिक सहायता भुक्तानी | २५०००० | शशर्तवाट चालुमा खर्च गरेकोमा सोधभर्ना नगरेको |

| | | | |
|---|---|---|---|
| ३५३।३।२२ | नेशनल इम्प्लोइमेन्ट डेभलपमेन्ट सेन्टर प्रा लि | ६१०००० | संझौता , प्रशिक्षक भत्ता लगायतका कागजात पेश नभएको , साथैकोटेशन नलिइ सोझै खरिद गरेको |
| १४१।९।९ | स्ट्रीट किङ्ग फुड वर्कस प्रा लि | २४२३० | विल भरपाई पेश नभएको |
| | जम्मा | ७६२९५२५ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७६,२९,५२५ |

४३ **जिन्सी दाखिलाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले यस वर्ष देहायअनुसारको मालसामान खरिद गरी सप्लायर्सलाई जम्मा रु.५९८७९५।- भुक्तानी गरेको छ। यस्तो खरिद गर्दा पालिकाले खरिद आदेश जारी नगरेको, जिन्सी दाखिला नगरी भुक्तानी गरेको छ । तसर्थ जिन्सी दाखिला पेश गर्नुपर्ने रु.

| **गो.भौ./मिति** | **विक्रेता** | **विवरण** | **संख्या** | **भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| ८९/०८०-८-१७ | नेपाल टाईम्स सेन्टर | Samsung mobile, Realme Mobile | २ | ९९४९५ | खरिद आदेश, जिन्सी दाखिला नरहेको |
| १३७/०८०-१०-५ | आई टी.प्लाजा | डेस्टप कम्प्युटर,प्रिन्टर | ६/४ | ३५१८०० | खरिद आदेश, जिन्सी दाखिला नरहेको |
| ३०३/०८१-१-२३ | ए टु जेड एण्ड गुड सप्लायर्स | मसलन्द सामाग्री खरिद | बिल नं.१४८,१४९ | ९१००० | खरिद आदेश, जिन्सी दाखिला नरहेको |
| २१ / ०८१ - ३ - २४ ( सँघिय सर्शत ) | जय कोदारीमाई सप्लायर्स | प्लाष्टिक कुर्सी , टेबल | ५५ / ३ थान | ५६५०० | खरिद आदेश, जिन्सी दाखिला नरहेको |
| | | जम्मा | | ५९८७९५।- | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९८,७९५ |

४४ **प्रमाण कागजातः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ वमोजिम रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने विल भरपाइ तथा प्रमाण कागजातहरु संलग्न गरेर मात्र भुक्तानी खर्च लेख्नु पर्ने व्यवस्था छ।देहायका व्यक्तिहरुलाई विभिन्न क्रियाकलाप संचालन गर्न रु १५४५०० उपलव्ध गराएकोमा सो को पुष्टी हुने कागजातहरु समावेश गरेको नदेखिएकोले सो को प्रमाण पेश हुनु पर्ने रु

| भौ नं मिति | विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| ३७८।३।३१ | प्रविधि हस्तान्तरण कार्यक्रम वडाध्यक्ष लगायत ५ जना | ५००० | अनुगमन प्रतिवेदन नभएको |
| ३४५।३।२१ | कृषि अधिकृत लगायत ७ जनाको खाद्यान्न वाली अनुगमन | ४७००० | अनुगमन प्रतिवेदन नभएको |
| २३६।१।४ | गहुँको उन्नत विउ अनुगमन प्र प्र अ लगायत ८ जना | १०२५०० | अनुगमन प्रतिवेदन तथा प्रमाण कागजात नभएको |
| | जम्मा | १५४५०० | |

| प्रमाण पेश नगरेको | १,५४,५०० |
|---|---|

४५ **छात्रवृतिः**

५८।२०८०।७।२४ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं ७.२.२.१ को दफा ४.२ मा IEMIS मा प्रविष्ट तथ्यांकहरुलाई सम्वन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराइ शिक्षा अधिकृतवाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृति रकम अनुदान दिने व्यवस्था छ।सो अनुसार छात्रा छात्रवृति कक्षा १–८ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी वार्षिक रु ४०० का दरले र दलित छात्रवृति प्रति विद्यार्थी वार्षिक ४०० का दरले दिनु पर्ने उल्लेख छ। पालिकाले देहायका विद्यालयहरुका छात्रालाई इमिस डाटा भन्दा वढी हुने गरी निकासा दिएकोले उक्त रकम रु ६८०० सम्वन्धित विद्यालयवाट असुल गर्नु पर्ने रु

| क्र सं | विद्यालयको नाम | इमिस डाटा अनुसार छात्रा संख्या | निकासा दिएको छात्रा संख्या | वढी संख्या | निकासा रकम |
|---|---|---|---|---|---|
| १ | नेपाल राष्ट्रिय शशिधर कृष्ण आधारभूत विद्यालय वनकट्टा | १६९ | १८५ | १६ | ६४०० |
| २ | वोधिमाइ प्रा वि शिवर्वा | ४७ | ४८ | १ | ४०० |
| | | | | जम्मा | ६८०० |

| असुल गर्नुपर्ने | ६,८०० |
|---|---|

४६ **निकासा अभिलेख खाताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था रहेको छ।पालिकाले शिक्षकहरुको तलव निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु, दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा खाता खडा गरी राख्नु पर्नेमा सो गरेको देखिएन।यसवाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ।तसर्थ विद्यालयगत निकासा खाता राखी दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ।

४७ **निःशुल्क शिक्षाः**

नेपालको संविधान २०७२ को अनसुचि ८ अनुसार आधारभूत माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूचि अन्तर्गत रहेको देखिन्छ।अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन २०७५ को दफा २७ मा नीजि लगानीका विद्यालयले प्रारम्भिक वालविकास शिक्षादेखि १२ कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म,पाँचसय देखि आठ सय जनासम्म र आठ सय भन्दा वढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तिमा दश,वाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नु पर्ने व्यवस्था छ।शिक्षा नियमावली २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरिव,अपांग,महिला,दलित र जनजाति विद्यार्थीलाई छात्रवृति उपलव्ध गराउनु पर्ने व्यवस्था छ।यसर्थ पालिकाले आफ्नो क्षेत्र भित्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृति कार्यक्रम कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी छात्रवृति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिका र सम्वन्धित विद्यालयको वेभसाइटवाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

४८ **दिवा खाजाः**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार IEMIS मा भएको प्रारम्भिक वालविकासदेखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर प्रति विद्यार्थी दैनिक रु १५ का दरले पहिलो त्रैमासिक वजेट निकासा गर्नुपर्ने र दोस्रो त्रैमासिकदेखि विद्यालय पूरा समय चलेको दिन विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षवाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले दिवा खाजा वापत गो भौ नं २।२०८०।५।९ वाट रु ३२२४४००, गो भौ नं २६७।२०८१।२।७ वाट २४११४००, गो भौ नं १११।२०८०।८।१२ वाट रु ३२२४२०२, गो भौ नं १९४।२०८०।११।१३ वाट रु ७३३५०० र गो भौ नं ३४०।२०८१।३।२० वाट रु ९७९५६० समेत

रु १०५७३०६२ निकासा गरेको छ।यसरी रकम निकासा गर्दा कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ ले तोकेको प्रक्रिया पूरा गरी खाजा उपलव्ध गराएका विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षवाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपछि मात्र अनुदान दिने र प्रत्येक पटक रकम निकासा गर्दा उक्त समय भन्दा अघि निकासा भएको रकम सदुपयोग भए नभएको सुनिश्चित गरी निकासा दिनु पर्ने तथा वालवालिकालाइ दिवा खाजा खुवाउदा स्थानीय कृषकसंग खरिद गरिएका खाद्यान्नको परिमाण खुल्ने विवरण र विल भरपाइ विद्यालय व्यवस्थापन समिति र खाजा व्यवस्थापन उपसमितिवाट अनुमोदन गर्नु पर्नेमा सो भएको देखिएन साथै विद्यालयमा गुणस्तरीय दिवा खाजा कार्यक्रम संचालन भए नभएको विषयमा पालिकाले अनुगमन गर्नु पर्ने र सोमा केहि कैफियत देखिए समाधानको उपाय सहित राय सुझाउ सहितको प्रतिवेदन दिनु पर्नेमा सो भए गरेको देखिएन जसले गर्दा दिवा खाजा वापत खर्च भएको रकम सदुपयोग भएको सम्वन्धमा एकिन गर्न सकिएन ।साथै देहायका विद्यालयलाई दिवा खाजा वापत गएको निकासा रकम भन्दा खर्च कम देखिएकोले उक्त रकम रु ७५३१५ विद्यालयवाट फिर्ता गरी संघीय संचित कोष दाखिला गर्नु पर्ने रु

| विद्यालयको नाम | असुल गर्नु पर्ने |
|---|---|
| ने रा प्रा वि लमरिया | ७१२२० |
| ने रा प्रा वि सिवर्वा पटवारी टोल | ४०९५ |
| जम्मा | ७५३१५ |

| असुल गर्नुपर्ने | ७५,३१५ |
|---|---|

४९ **पाठ्यपुस्तक निकासाः**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ अनुसार पालिकाले पुस्तक वापतको रकम निकासा गर्दा विद्यालयले प्रमाणित गरेको विद्यार्थी संख्याको आधारमा इमिस डाटामा सत्यापन गरेर मात्र दिनु पर्दछ।नमूना छनौट गरी परीक्षण गर्दा देहायका विद्यालयहरुको पाठ्यपुस्तक वापतको रकम निकासा गर्दा इमिस डाटामा सत्यापन नगराइ रकम निकासा गरेको देखियो ।तसर्थ इमिस भन्दा विल तथा भरपाइ वढी देखिएका विद्यार्थीलाई गएको देहाय वमोजिमको निकासा रकम रु ६२७८० सम्वन्धित विद्यालयवाट असुल गर्नु पर्ने रु

| कक्षा | इमिस अनुसार विद्यार्थी संख्या | विल तथा भरपाइ अनुसार विद्यार्थी संख्या | वढी संख्या | दर | वढी निकासा |
|---|---|---|---|---|---|
| ने रा प्रा वि झखरा | | | | | |
| १ | १५ | २० | ५ | ५२०।८० | २६०४ |
| जय हनुमान ने रा प्रा वि गोविन्दपुर | | | | | |
| २ | २५ | ३० | ५ | ५५६।८० | २७८४ |
| जिल्ला उच्चांगल रामदेव कलवार मा वि | | | | | |
| ९ | ३४५ | ३९२ | ४७ | ९२४ | ४३४२८ |
| ने रा आ वि शिशर्वा | | | | | |
| ६ | २८ | ३२ | ४ | ७०७ | १३९६४ |
| | | | | जम्मा | ६२७८० |

| असुल गर्नुपर्ने | ६२,७८० |
|---|---|

५० **शिक्षकको अभिलेखः**

शिक्षा नियमावली २०५९ को परिच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा समन्वय अधिकारीको काम कर्तव्य र अधिकार सम्वन्धमा व्यवस्था गरिएको छ।जस अन्तर्गत वुंदा नं (झ) मा शिक्षा सेवा आयोगवाट नियुक्ति वा वढुवाको लागि शिफारिस भै आएका शिक्षकलाई

नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था रहेको छ।पालिकाले शिक्षकको दरवन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भइ आएका तथा गएका, सेवा निवृत भएका,विदामा रहेका ,नया नियुक्ति भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्वन्धी विवरण, मृतक र अवकाशको विवरण आदिको वारेमा नियमावलीमा व्यवस्था भए वमोजिम अभिलेख तयार गरेको देखिएन । विद्यालय स्तरमा संचालन हुने कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलव भत्ता सम्वन्धी विवरण जिल्ला शिक्षा समन्वय इकाइवाट प्राप्त गरी सोही अनुसार खर्च लेख्नु पर्ने र विद्यालयवाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले त्रैमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नु पर्ने र सोहि अनुसार निकासा दिनु पर्ने व्यवस्था छ।नियमावलीको उक्त व्यवस्था अनुसार अभिलेख पेश नभएकोले पालिकावाट विद्यालयहरुलाई निकासा भएको शिक्षकको तलव,पाठ्यपुस्तक,छात्रवृति लगायत अन्य निकासाको यथार्थता एकिन गर्न सकिएन।

५१ **प्रोत्साहन अनुदानः**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २।७।१३।१३ अनुसार विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान वापत देहायका विद्यालयहरुलाई रु १३००००० अनुदान निकासा दिएकोमा ती विद्यालयहरुले खर्च गरेको विल तथा उक्त सामानहरु विद्यालयको जिन्सी कितावमा आम्दानी वाँधेको दाखिला रिपोर्ट पेश गर्नु पर्ने रु

| विद्यालयको नाम | विवरण | निकासा रकम | कैफियत |
|---|---|---|---|
| नेपाल राष्ट्रिय मा वि जगतपुर | पुस्तकालय तथा ICT व्यवस्थापन | ६५०००० | विल तथा जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने |
| महोवनी पदम मा वि रानीगंज | विज्ञान प्रयोशाला अनुदान | ६५०००० | विल तथा जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने |
| | जम्मा | १३००००० | |

| प्रमाण पेश नगरेको | १३,००,००० |
|---|---|

५२ **ल्याव सामाग्री अनुदानः**

१११।८।१२ कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २।७।१३।१० को विद्यालय संचालन तथा व्यवस्थापन अनुदान अन्तर्गत प्राविधिक विषय अध्यापन हुने विद्यालयलाई ल्याव सामाग्री सहयोग अनुदान वापत रु २००००० दिने व्यवस्था छ।सो अनुसार जिल्ला उच्चांगल रामदेव कलवार माध्यमिक विद्यालयलाई ल्याव सामाग्री वापत रु २००००० निकासा दिएकोमा विद्यालयले ल्याव सामाग्री खरिद गरेको विल तथा जिन्सी दाखिला गरेको प्रमाण पेश नभएको रु

| प्रमाण पेश नगरेको | २,००,००० |
|---|---|

५३ **कार्यसम्पादन अनुदानः**

२९९।३।१२ कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २।७।१३।१३ को उपक्रियाकलाप अन्तर्गत नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वियनका लागि कार्यसम्पादनमा आधारित अनुदान वापत प्रति विद्यालय ३० लाख देखि ६० लाख सम्म दिने व्यवस्था छ।सो अन्तर्गत जिल्ला उच्चागंल रामदेव कलवार माध्यमिक विद्यालयलाई रु ६०००००० निकासा दिएको छ।उक्त निकासा विद्यालयलाई स्वीकृत गुरुयोजनाका आधारमा निर्माण गरिएको वार्षिक कार्यान्वियन योजना अनुसार शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम शर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि विनियोजित वजेटको कार्य प्रगति सहित आवश्यक वजेट सहितको प्रस्ताव विद्यालयवाट पेश गर्नु पर्ने व्यवस्था छ।सो अनुसार विद्यालयले कुनै पनि गुरुयोजनाको प्रस्ताव पेश गरेको दखिएन साथै उक्त रकम खर्च गरेको प्रमाण पनि संलग्न गरेको छैन ।तसर्थ विद्यालयले गुरुयोजना सहित भौतिक पूर्वाधार निर्माणको कार्य प्रगति तथा विद्यालय व्यवस्थापनको लागि खरिद गरिएका सामानहरुको जिन्सी दाखिला सहित काम भएको पुष्टी हुने आवश्यक प्रमाण कागजात पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु

| प्रमाण पेश नगरेको | ६०,००,००० |
|---|---|

५४ **पाठ्यपुस्तक खरिदः**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २।४।६।१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक उपलव्ध गराउनु पर्ने व्यवस्था छ।सो अनुसार पालिकाले निकासा दिइ विद्यालयहरुले पाठ्यपुस्तक खरिद गरी विद्यार्थीहरुलाई वितरण पनि गरेको छ।तर पालिकाले गो भौ नं ३५१ मिति २०८१।३।२२ वाट कक्षा १-६ सम्मका पाठ्यपुस्तक भनी रु ९८७५५५ मूल्यको ईच्छा अल सप्लायर्स वीरगंजको पुस्तक विल समावेश गरी खर्च लेखेको पाइयो। यसरी खरिद गरेको पुस्तकहरु सम्वन्धित विद्यालयलाई वुझाएको भरपाई पेश हुन आएन । तसर्थ ती पुस्तकहरु सम्वन्धित विद्यालयका प्रधानाध्यापक मार्फत विद्यार्थीहरुलाई वितरण गरेको भरपाई पेश गर्ने अन्यथा उक्त रकम असुल गर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,८७,५५५ |

५५ **ह्वाइटवोर्ड खरिदः**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २।७।१३।५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थाका लागि विद्यालयहरुलाई अनुदान दिने व्यवस्था छ। सो अनुसार विद्यालयहरुलाई निकासा पनि गइ सकेको छ।सोही निकासा रकमवाट विद्यालयलाई आवश्यक पर्ने शिक्षण सिकाइ सामाग्री खरिद गर्नुपर्दछ।तर पालिकाले गो भौ नं ३६५ मिति २०८१।३।२३ वाट ईच्छा अल सप्लायर्स वीरगंजको ह्वाइटवोर्डको विल समावेश गरी ८५ थान वोर्ड रु ५२०० का दरले खरिद गरी रु ४९९४६० खर्च लेखेको छ ।ती ह्वाईटवोर्डहरु सम्वन्धित विद्यालयलाई वुझाई भरपाई समेत गराएको प्रमाण पेश हुन आएन ।तसर्थ उक्त वोर्डहरु सम्वन्धित विद्यालयका शिक्षकले वुझेको भरपाई सहित विद्यालयको जिन्सी खातामा दाखिला भएको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९९,४६० |

५६ **प्राविधिक धारः**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकयालाप नं २।७।१३।५० को वुंदा नं २।६ मा स्थानीय तहले प्राविधिक धार संचालन गर्ने विद्यालयले तोकिएको मापदण्ड वमोजिम संचालन भए नभएको आन्तरिक तथा वाह्य अनुगमन गर्नु पर्ने व्यवस्था छ।गो भौ नं २२५ मिति २०८०।१२।२५ वाट जिल्ला उच्चांगल रामदेव कलवार माध्यमिक विद्यालयलाई Lab Assistant , Equipment and Practical materials वापत प्रति विद्यार्थी लागतको आधारमा रु १४७०००० अनुदान दिएको छ।सो सम्वन्धमा विद्यालयले कार्यान्वयन पुस्तिकाले तोकेको प्रक्रिया तथा पद्धति अवलम्वन गरी कार्य गरे नगरेको सम्वन्धमा आन्तरिक तथा वाह्य अनुगमन गर्नु पर्नेमा सो भए गरेको देखिएन।

५७ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचिकृत वेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवं सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ।यस कार्यक्रम व्यवस्थित रुपमा संचालन गर्नको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ तयार गरेको छ।यस कार्यक्रम अन्तर्गत पालिकाका १० वडामा ३० योजना संचालन गरी यस वर्ष सूचिकृत १०४९ मध्ये ८६ जनालाई औसत ८५ दिनले ७३०३ दिन रोजगारी उपलव्ध गराई प्रति दिन ६८८ का दरले रु ४८७८४०४ श्रमिक ज्याला खर्च गरेको छ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्वन्धमा स्पष्ट हुन सकिएन।योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नु पर्दछ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भए पनि कामको दिगोपना तथा दिर्घकालिन रोजगारी सृजना भएको देखिदैन।योजना अनुगमन प्रतिवेदनमा पालिका स्तरीय अनुगमन समितिका पदाधिकारीहरुले दस्तखत गरेको तर निर्माण तथा कार्यको विवरण तथा प्रगति स्थितिवारे कैफियत उल्लेख गर्ने गरेको देखिएन। तसर्थ कार्यक्रम संचालन निर्देशिका वमोजिम व्यवस्थित तवरले कार्य संचालन गर्नु पर्दछ।

५८ **गत वर्षको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१३) मा गत वर्षको भुक्तानी दिन वाकी भएमा भुक्तानी दिन वाकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित गराइ भुक्तानी दिन सकिने व्यवस्था छ। स्वास्थ्य तर्फका कर्मचारीहरुको गो भौ नं १०५ मिति २०८०।७।२५ वाट गत आर्थिक वर्षको तलव माघ देखि असार सम्मको रु १२६१००० भुक्तानी दिन वाकीको विवरण प्रमाणित नगरी खर्च लेखेको छ।तसर्थ नियमावलीको प्रक्रिया पूरा नगरी भुक्तानी दिएको नियमसम्मत देखिएन।

५९ **कर कट्टाः**

आयकर ऐन २०५८ को दफा मा कुनै पनि भुक्तानीमा विभिन्न प्रकारका कर कट्टी गर्नु पर्ने व्यवस्था छ।देहायका भौ नं र मितिवाट शिक्षा अधिकृत विजय कुमार झाले विभिन्न कार्यक्रम गरे वापत ४२०० कर कट्टा गरी रकम भुक्तानी गरेको छ।तर कट्टा गरेको रकम दाखिला नगरेकोले दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रु

| भौ नं मिति | विवरण | वैठक तथा अनुगमन भत्ता | कर रकम |
|---|---|---|---|
| ३४७।३।२१ | पाठ्यक्रम प्रवोधिकरण , शिक्षक प | ६००० | ९०० |
| | वालविकास सहजकर्ता तालिम | ९००० | १३५० |
| | एकिकृत पाठ्यक्रम प्रवोधिकरण कार्यक्रम | ४००० | ६०० |
| | व्यवस्थापन समिति प्रशिक्षण | ६००० | ९०० |
| | शिक्षक प्रशिक्षण कार्यक्रम | ३००० | ४५० |
| | जम्मा | २८००० | ४२०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,२०० |

६० **स्रेस्ता पेश नभएको तथा नियमसम्मत नदेखिएको खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने विल भरपाई प्रमाण र कागजात संलग्न गरी खर्च गर्नु पर्ने व्यवस्था छ।पालिकाले लेखापरीक्षणको क्रममा निम्न खर्च रु ३४५३१९२ को गोश्वारा भौचर मात्र पेश गरेको छ।सो भौचर संग सम्वन्धित खर्च पुष्टि गर्ने विल भरपाई तथा प्रमाण कागजातहरु कुनै पनि संलग्न गरेको छैन।साथै देहाय वमोजिम एक शिर्षकवाट खर्च लेख्नु पर्नेमा अन्य शिर्षकवाट खर्च लेखेको नियमसम्मत नदेखिएको रु

| भौ नं मिति | विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| २८२। २।२० | डोर हाजिरीमा कार्यरत ७ स्वास्थ्य कर्मीहरुको पौष माघको तलव | ४९२२९८ | नगरपालिका स्रोतवाट तलवखर्च लेख्नु पर्नेमा शशर्तवाट तलव खर्च लेखेको अनियमित देखिएको साथै विलभरपाइ पेश नभएको |
| ३५२। ३।२२ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री शिर्षकवाट प्र प्र अ लगायत ७ जनाको नगर शिक्षा समिति वैठक भत्ता | ९४००० | पालिका चालुवाट खर्च लेख्नु पर्नेमा शशर्तवाट खर्च लेखेको अनियमित देखिएको साथै विलभरपाइ पेश नभएको |
| ३४४। ३।२१ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदानवाट शिक्षा अधिकृत लगायत ९ जनाको विद्यालय अनुगमन भत्ता भुक्तानी | १४४००० | पालिका चालुवाट खर्च लेख्नु पर्नेमा शशर्तवाट खर्च लेखेको अनियमित देखिएको साथै अनुगमन प्रतिवेदन पेश नभएको |
| ३४१। ३।२१ | दिवा खाजा अनुगमन प्र प्र अ लगायत ९ जना | १४४००० | पालिकावाट खर्च लेख्नु पर्नेमा शशर्तवाट खर्च लेखेको अनियमित देखिएको साथै अनुगमन प्रतिवेदन पेश नभएको |
| २१९। १२।७ | नगरपालिकाका १५ जना करार कर्मचारीको फागुनको तलव | ५६७४१९ | पालिकावाट भुक्तानी दिनु पर्नेमा शशर्तवाट दिएको नियमसम्मत नदेखिएको |
| २१४। १२।५ | नगर प्रमुख प्रदुमन प्रसाद चौहान , प्र प्र अ अजय कुमार श्रीवास्तव लगायत ८ जनाको विद्यालय अनुगमन खर्च | १७२५०० | पालिका चालुवाट अनुगमन खर्च लेख्नु पर्नेमा शशर्तवाट खर्च लेखिएको अनियमित देखिएको साथै अनुगमन प्रतिवेदन समेत पेश नभएको |
| २४४। १।१५ | नगरसभा वैठक खर्च | १७०८५० | पालिकावाट खर्च लेख्नु पर्नेमा शशर्तवाट खर्च लेखेको नियमसम्मत नदेखिएको |
| २१३। १२।४ | नगर उपप्रमुख लगायत ९ जनाको दिवा खाजा अनुगमन | १२०००० | पालिका चालुवाट अनुगमन खर्च लेख्नुपर्नेमा प्रतिवेदन वेगर शशर्तको दिवा खाजा शिर्षकवाट खर्च लेखेको नियमसम्मत नदेखिएको |
| २११। १२।३ | नगरपालिका तर्फका स्वास्य कर्मीलाई २७ जनालाई मंसीरको तलव | ८६३००० | शशर्तवाट खर्च लेखेको नियमसम्मत नदेखिएको |
| ३४७। ३।२९ | शिक्षक प्रशिक्षण कार्यक्रम , एकिकृत पाठ्यक्रम , प्रवोधिकरण , वालविकास सहजकर्ता तालिम | ३२७७२५ | विद्यालय संचालन तथा व्यवस्थापन शिर्षकवाट विभिन्न वैठकहरु संचालन भएको नियमसम्मत नदेखिएको |
| ३६४। ३।२६ | विल्डिङ्ग इलेब्ट्रीसियन सम्वन्धी १६० घण्टे तालिम संचालन | ३५७४०० | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको श्रमिकको ज्यालामा खर्च गर्नुपर्नमा रोजगारी सृजनातर्फ १०० दिनको रोजगार सुनिश्चतता सहितको इलेक्ट्रिसियन तालिममा खर्च गरेको नियमसम्मत नदेखिएको |
| | जम्मा | ३४५३१९२ | |

| | |
|---|---|
| अनियमित भएको | ३४,५३,१९२ |

६१ **औषधी तथा सर्जिकल सामान खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) मा बिस लाख रुपैयाँ सम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले विभिन्न प्रकारको औषधि कोटेशनको माध्यमवाट खरिद गरी देहायका भौचरवाट भुक्तानी दिएको छ।पालिकालाई आवश्यक पर्ने औषधी पालिकावाट खरिद गर्नु पर्ने र तालुक निकायवाट प्राप्त हुने परिमाण एकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी आपूर्ति व्यवस्थापन गर्नुपर्दछ।आपूर्ति हुने औषधी वा अन्य सामानहरुमा उत्पादन मिति, एक्स्पायर मितिऽव्याच नं र उत्पादन कम्पनीको नाम उल्लेख गरी सम्वन्धित विषय विज्ञवाट मचुल्का उठाइराख्ने गरेको र नेपाल सरकारवाट निशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हनुपर्दछ।आपूर्ति भएका औषधीको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वाँकी हुनुपर्दछ।त्यसैगरी

भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सवै विवरण खुलाउनु पर्दछ।यस वर्ष पालिकाले संघीय शशर्त वजेटको उपशिर्षकवाट औषधी र उपकरण खरिद गरी भुक्तानी गरेको छ।पालिकाले औषधी खरिद गर्दा वार्षिक खरिद योजना वनाएको छैन,आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा खुलाउनु पर्ने सूचनाहरु पूर्ण रुपमा रहेको छैन भने औषधीको प्रयोग र मौज्दात समेत एकिन गर्न सकिएन।आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनु अधि स्पर्शिफिकेसन अनुसार भए नभएको विषय विज्ञवाट एकिन गर्नु पर्दछ। पालिकाले औषधी खरिद,उपयोग र मौज्दातको अवस्था एकिन गरी औषधी खरिदलाई व्यवस्थित वनाउनु पर्दछ।

| भौ नं मिति | भुक्तानी पाउनेको नाम | विवरण | रकम |
|---|---|---|---|
| १७२।१०।१६ | डायानामिक सर्जिकल हव | सर्जिकल सामान | ५९९७०० |
| १७३।१०।११ | पशुपतिनाथ आयुर्वेद भवन प्रा लि | आयुर्वेद औषधी | ७९९५७० |
| ११६।८।१७ | रिदान मेडी कन्सर्न | औषधी खरिद | १९५६३७५ |
| १७६।१०।२२ | इलाइट मेडिहेल्थ कन्सर्न प्रा लि ठिमी | औषधी खरिद | १५४५२४ |
| | | जम्मा | ३५०९४६९ |

## ६२ कट्टी रकमः

निजामती सेवा ऐन २०४९ तथा नियमावली २०५० वमोजिम कट्टी तथा थप गरिएका संचय कोष,नागरिक लगानी कोष, विमा कोष, संचयकोष सापटी कट्टी लगायतका कट्टी रकमहरु समयमै सम्वन्धित कार्यालयको खातामा दाखिला गरी स्रेस्ता अद्यावधिक गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले कार्तिक देखि नै सम्वन्धित खातामा रकम दाखिला गरेको देखिएन ।तसर्थ पालिकाले कट्टी रकमहरु समयमै दाखिला गरी स्रेस्ता अद्यावधिक गर्नु पर्दछ।

## ६३ कृषि अनुदानः

६३.१ कृषि क्षेत्रको रुपान्तरण कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायतका कृषि, पशुपन्छी, वालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलव्ध गराउने कार्यक्रमवाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ।यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनको समेत स्रोत साधनको संलग्नतामा संचालन गर्न विभिन्न नीति, कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहवाट समेत तर्जुमा भएको देखिन्छ।सोहि वमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पोखरिया नगरपालिकावाट रु २२७२६९५ खर्च भएको देखिन्छ।यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम पालिकाको वेभसाइटवाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

| भौ नं मिति | अनुदानको किसिम | विवरण | रकम |
|---|---|---|---|
| १६६।१०।२ | विजय गहुँको विउ वितरण | ५० प्रतिशत अनुदान | ६००००५ |
| २८७।३।४ | एराइज ६४४४ हाइब्रिड धान विउ<br>यू ए एस ३१२ हाइब्रिड धानको विउ वितरण | ५० प्रतिशत अनुदान | ४७४९९५ |
| ३२८।३।१८ | माछा पकेट विकास कार्यक्रम अन्तर्गत माछाको औषधी खरिद २०७९।८० को निरन्तरता | पूरै अनुदान | ३९९६९५ |
| ३६८।३।२४ | माछा पकेट विकास कार्यक्रम अन्तरगत माछाका भुरा वितरण २०७९।८० को निरन्तरता | पूरै अनुदान | ३०२००० |
| ३५०।३।१२ | तरकारी वाली पकेट विकास कार्यक्रम २०७९।८० को निरन्तरता | नखुलेको | ४९६००० |
| | | जम्मा | २२७२६९५ |

उपरोक्त वमोजिम अनुदानको परीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय वमोजिम छनः

६३.२ गो भौ नं २८७ मिति २०८१।३।४ वाट हाइब्रिड धानको विउ १५०० के जी प्रति के जी रु ६०० का दरले हुने रु ९००००० मा ५० प्रतिशत अनुदान रु ४५०००० भुक्तानी दिनु पर्नेमा रु ४७४९९५ भुक्तानी दिएकोले वढी भुक्तानी दिएको रु २४९९५ कृषि सहायक राजेश प्रसाद साहवाट असुल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,९९५ |

६३.३ सामुदायिक विकास केन्द्र पर्सालाई २०७९।८० को पकेट विकास कार्यक्रम निरन्तरताको लागि रु ४९६००० खर्च गरेकोमा के कति कृषक तथा समूहलाई वितरण गरिएको हो भरपाई तथा कार्यक्रम गर्ने सम्झौता समेत पेश नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९६,००० |

६३.४ गो भौ नं ३२८ मिति २०८१।३।१८ वाट महतो भेट फर्मावाट माछाको औषधी खरिद गरी रु ३९९६९५ खर्च गरेको छ।उक्त औषधीहरु कुन कुन कृषहरुलाई वितरण गरियो सो को भरपाई पेश नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९९,६९५ |

६३.५ -गो भौ नं ३२८ मिति २०८१।३।१८ मा महत्तो भेट फर्मावाट रु ३९९६९५ को माछाका भुरा र औषधी खरिद गरेकोमा सो को जिन्सी दाखिला नगरी वितरण गरेको देखिन्छ।सामान खरिद पछि जिन्सी दाखिला गराएर मात्र खर्च लेख्नु पर्दछ।

-स्थानीय तहले यस अनुदान कार्यक्रम अन्तर्गत आपूर्तिकर्ताले उन्नत विउको आपूर्ति तथा वितरण प्रक्रिया एवं विउको गुणस्तर लगायतका विषय तथा वास्तविक कृषकले अनुदान पाए नपाएको अनुगमन गरी सम्वन्धित निकायमा प्रगति विवरण पठाउनु पर्नेमा सो गरेको देखिएन।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : पोखरिया नगरपालिका, पर्सा , पोखरिया नगरपालिका , पर्सा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| लेखा प्रमुख | मन्दिप कुमार महतो | २०७९-१०-२० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,८७७,७७६.८८ | १०,४९९,३५२ | ३४,५९८,६३४.०७ | ० | ० | ८५०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४७,८२५,७६२.९५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४७,८२५,७६२.९५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ५४३०२०११.६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३२४१८३००० | चालु खर्च | ३८६६२९२२८.४ |
| प्रदेश सरकारबाट अनुदान | ७९३००००.० | पूँजीगत खर्च | ११५८८४५६० |
| राजश्व बाँडफाँट | १०९११३९३७.१ | वित्तीय/अन्य व्यवस्था | १३४५३२६५ |
| आन्तरिक आय | ४१७०५४६४ | | |
| अन्य आय | ६९९८१२२.४ | | |
| कुल आय | ४८९९३०५२३.५ | कुल खर्च | ५१५९६७०५३.४ |
| बाँकी मौज्दात | | २८२६५४८१.७ | |

अनुसूची - २

## बेरूजु दफा ३.५ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| मिति | भौ. नं. | विवरण | डेबिट |
|---|---|---|---|
| २९/०४/२०८० | १९ | वडा नं.५ को वडा सचिव लाई ०७९ श्रावण महिना देखि ०८० असार महिना सम्म को बैठक भता भुक्तानी | ५४,०००.०० |
| २९/०४/२०८० | २३ | वडा न२ को पदाधिकारी र कर्मचारीको ११ अनुगमन भता भुक्तानी | १६,५००.०० |
| २९/०४/२०८० | २४ | वडा नं.१ को पदाधिकारी र कर्मचारी हरुको बैठक भता र अनुगमन भता २०७९ श्रावण देखि २०८० असार महिना भता भुक्तानी | ५४,०००.०० |
| २९/०४/२०८० | २५ | इन्धन खर्च वापतको रकम भुक्तानी | १२२१९६९. |
| २९/०४/२०८० | २६ | वडा नं.३ मा नाला निर्माण कार्य प्राबिधिक मुल्यांकन अनुसार अन्तिम बिल भुक्तानी | ४८२८८४. |
| २९/०४/२०८० | २७ | गत आ ब को भुक्तानी तर्फको रकम भुक्तानी | १६२६६६१. |
| ३०/०४/२०८० | २८ | धारा सप्लायर्स कार्य जिन्सी प्रतिबेदन अनुसार भुक्तानी | ४८४२६३. |
| ३०/०४/२०८० | २९ | गत आ ब को भुक्तानी बाकीँ वापतको रकम भुक्तानी | २६९९९४. |
| ३०/०४/२०८० | ३० | वडा नं.७ मा वडा कार्यालय भवन निर्माण कार्य प्राबिधिक मुल्यांकन अनुसार अन्तिम बिल भुक्तानी | ४२१६९७. |
| ३०/०४/२०८० | ३१ | वडा नं.९ शौचालय निर्माण कार्य प्राबिधिक मुल्यांकन प्रतिबेदन अनुसार अन्तिम बिल भुक्तानी | ३८७७६६. |
| ३०/०४/२०८० | ३२ | वडा न.४ मा नाला निर्माण कार्य प्राबिधिक प्रतिबेदन अनुसार अन्तिम बिल भुक्तानी | २८६३७१. |
| ३०/०४/२०८० | ३३ | वडा नं.४ मा शिव मन्दिर निर्माण कार्य प्राबिधिक मुल्यांकन प्रतिबेदन अनुसार अन्तिम बिल भुक्तानी | ८८५६३२. |
| ३०/०४/२०८० | ३४ | वडा नं.४ मा रामजानकी मन्दिर रंगरोगन कार्य प्राबिधिक मुल्यांकन प्र्तोबेदं अनुसार अन्तिम बिल भुक्तानी | २९०४४१. |
| ३०/०४/२०८० | ३६ | कार्यालय प्रयोजन मा डिजल खर्च भएको बिल अनुसार भुक्तानी | २६,४३५.०० |
| ३०/०४/२०८० | ३७ | गत आ.ब.मा पेश भएको भुक्तानी बाकी रहेकोले संलग्न कागजात अनुसार भुक्तानी | ६०,०००.०० |
| ३०/०४/२०८० | ३८ | वडा नं.९ को बिधालय मर्मत कार्य प्रबुधिक मुल्यांकन अनुसार अन्तिम बिल भुक्तानी | ४५१०६९. |
| ३०/०४/२०८० | ३९ | वडा नं.३ मा वडा कार्यालय मा शौचालय निर्माण कार्य प्राबिधिक मुल्यांकन अनुसार अन्तिम बिल भुक्तानी | ३८६७७९. |
| ३०/०४/२०८० | ४० | आगलगी पिडित परिवारलाई आर्थिक सहयोग बापत भुक्तानी | १५,०००.०० |
| ३०/०४/२०८० | ४१ | वडा नं.१० मा पैनी सरसफाई र होम पाइप जडान कार्य प्राबिधिक मुल्यांकन अनुसार अन्तिम बिल भुक्तानी | १८६१३१. |
| ३०/०४/२०८० | ४२ | वडा नं.१० मा माटो पुरी ग्रावेल कार्य प्राबिधिक मुल्यांकन अनुसार अन्तिम बिल भुक्तानी | ६७६५४७. |
| ३०/०४/२०८० | ४३ | संलगन प्राबिधिक बिल अनुसार भुक्तानी | १०५७८४. |
| ३०/०४/२०८० | ४४ | संलग्न बिल अनुसार भ्रमण बिल भुक्तानी | ४२,५००.०० |
| ३०/०४/२०८० | ४५ | संलग्न बिल अनुसार भुक्तानी | ९,०००.०० |
| ३०/०४/२०८० | ४६ | गत बर्ष भुक्तानी बाकी रहेको सुरक्षित नागरिक आवश सम्बन्धि संलग्न निवेदन अनुसार भुक्तनी | १३३०००. |
| २०८०/०४/३१ | ४७ | संचार खर्च,घर भाडा वापत संलग्न बिल सिफारिस अनुसार भुक्तानी | १११०००. |

| | | | |
|---|---|---|---|
| २०८०/०४/३१ | ४८ | वडा नं.४ मा जीवन उपयोगी कार्यक्रम सम्पन्न प्रतिबेदन अनुसार भुक्तानी | २९६६००. |
| २०८०/०४/३२ | ५० | खेलकुद सामग्री खरिद संलग्न बिल अनुसार भुक्तानी | १९४८०१. |
| २०८०/०४/३२ | ५१ | संलग्न बिल अनुसार भुक्तानी | ११,१००.०० |
| २०८०/०४/३२ | ५२ | समसान घाट मर्मत कार्य प्राबिधिक मुल्याकंन प्रतिबेदन अनुसार भुक्तानी | ६८,०७३.०० |
| २०८०/०४/३२ | ५३ | वडा नं. १ को २०८० असार महिनाको घर भाडा र बिधुत बापत को भुक्तानी | ६,८७५.०० |
| २०८०/०४/३२ | ५५ | वडा नं.६ को सुरक्षित नागरिक आवास को संलग्न निजेदं अनुसार भुक्तानी | ३८,०००.०० |
| २०८०/०४/३२ | ५६ | वडा नं.६ को पदाधिकारी हरुको बैठक भता र अनुगमन भता २०७९ श्रावण देखि २०८० असार महिना सम्मको भता भुक्तानी | ५९४०००. |
| ०१/०५/२०८० | ५८ | वडा नं.९ सडक ढलान कार्य प्राबिधिक मुल्यांकन प्रतिबेदन अनुसार अन्तिम बिल भुक्तानी | ५७७३५४. |
| ०२/०५/२०८० | ६२ | सलग्न विल अनुसार भुक्तानि | २४,४००.०० |
| ०२/०५/२०८० | ६३ | सलग्न विल अनुसार भुक्तानि | १८४०००. |
| ०२/०५/२०८० | ६४ | सन्लगन प्राविधिक प्रतिबेदन र विल भरपाइ अनुसार भुक्तानि | १६२६००. |
| ०३/०५/२०८० | ६५ | महिलाहरुको लागि बियुटिसियन तालिम सम्पनन गरि विल अनुसार भुक्तानि | ४९७२००. |
| ०३/०५/२०८० | ६६ | गत अ ा ब मा भुक्तानि बाकी भुक्तानि गरियो | ५२१९००. |
| ०८/०५/२०८० | ७१ | योजना सम्पन्न वापतको रकम भुक्तानी | ३१०७३६. |
| ०८/०५/२०८० | ७२ | गत आ ब मा भुक्तानी बाँकी रहेको कार्यक्रमको भुक्तानी | ११९९००. |
| ०८/०५/२०८० | ७४ | ब्याग खरिद वापतको रकम भुक्तानी | ४८९९६८. |
| ०८/०५/२०८० | ७६ | अनुगमन भत्ता वापतको रकम भुक्तानी | ९०,१००.०० |
| ०८/०५/२०८० | ७८ | कार्यक्रम सम्पन्न वापतको रकम भुक्तानी | ४९६७५०. |
| ०८/०५/२०८० | ८१ | गत आ ब को बैठक भत्ता वापतको रकम भुक्तानी | १०८०००. |
| ०९/०५/२०८० | ८२ | गत बर्षको भुक्तानी बाकी रहेको निकाशा पठाईयो | ११९००००. |
| ०९/०५/२०८० | ८३ | विविध खर्चको रकम भुक्तानी | १०३६००. |
| ०९/०५/२०८० | ८४ | गत बर्षको भुक्तानी वापतको रकम भुक्तानी | ७६,५००.०० |
| ०९/०५/२०८० | ८५ | गत बिगतको बाकीँ भुक्तानी वापतको रकम भुक्तानी | १७४०००. |
| ०९/०५/२०८० | ८९ | गत आ ब को भुक्तानी | १६३०००. |
| २४/०७/२०८० | २७३ | विविध खर्चको रकम भुक्तानी | ४,५९७.०० |
| १७/०८/२०८० | ३५३ | मेशिनरी मर्मत खर्च वापतको रकम भुक्तानी | ४८,०००.०० |

| | | | |
|---|---|---|---|
| १८/०८/२०८० | ३७० | भ्रमण खर्च वापतको रकम भुक्तानी | १४३०००. |
| २७/०८/२०८० | ३७५ | विविध खर्चको रकम भुक्तानी | ९३,७९०.०० |
| ०५/०९/२०८० | ३९३ | स्वास्थ्य स्वेमसेविकाहरुको सुबिधा भुक्तानी | ५८,०००.०० |
| ०६/०९/२०८० | ३९७ | विविध खर्च वापतको रकम भुक्तानी . | ६,०००.०० |
| ०९/०९/२०८० | ४०५ | गत आ ब को कर्मचारीको बैठक भत्ता वापतको रकम भुक्तानी | २२,५००.०० |
| ०९/०९/२०८० | ४०६ | विविध खर्चको रकम भुक्तानी | ३६,०००.०० |
| ०९/०९/२०८० | ४०७ | बैठक भत्ता वापतको रकम भुक्तानी | ८,०००.०० |
| ११/०९/२०८० | ४१० | गत आ ब को बाकिँ भता भुक्तानी तथा रामबचन जिको भत्ता भुक्तानी | ७,५००.०० |
| ११/०९/२०८० | ४१० | गत आ ब को बाकिँ भता भुक्तानी तथा रामबचन जिको भत्ता भुक्तानी | ५४,०००.०० |
| १५/०९/२०८० | ४१६ | विविध खर्चको रकम भुक्तानी | ५,०००.०० |
| ०५/१०/२०८० | ४९२ | गत आ बा को भुक्तानी बाकी वापत को रकम भुक्तानी | ९८,८००.०० |
| ०५/१०/२०८० | ४९३ | बिबिध खर्च वापतको रकम भुक्तानी. | २५,०००.०० |
| ०५/१०/२०८० | ४९३ | बिबिध खर्च वापतको रकम भुक्तानी. | १३,५००.०० |
| ०८/१०/२०८० | ५०० | विविध खर्चको रकम भुक्तानी | १४,०००.०० |
| ०२/११/२०८० | ६०६ | बिबिध खर्चको रकम भुक्तानी . | १५,०००.०० |
| ०२/११/२०८० | ६०७ | सवारी साधन मर्मत तथा भ्रमण खर्चको रकम भुक्तनी .फिरोज मोटरको पहिलाको बाकि रहेको ७८००० भुक्तानी . | १३,२८२.०० |
| ०७/११/२०८० | ६१६ | भ्रमण खर्च वापतको रकम भुक्तानी. | ७,०००.०० |
| ११/११/२०८० | ६१९ | सवारी साधन मर्मत वापतको रकम भुक्तानी | ११,०००.०० |
| १३/११/२०८० | ६३० | सफ्टवेर संचालन खर्च वापतको रकम भुक्तानी. | ३८,२००.०० |
| १३/११/२०८० | ६३१ | आर्थिक सहायता तथा साफ्टवेर संचालन खर्च वापतको रकम भुक्तानी . | ७६,०००.०० |
| २३/११/२०८० | ६४२ | विविध खर्चको रकम भुक्तानी | १९,०६०.०० |
| ०७/१२/२०८० | ६७२ | निर्माण कार्य वापतको रकम भुक्तानी. | ९६,०००.०० |
| ०७/१२/२०८० | ६७७ | अनुगमन खर्च वापतको रकम भुक्तानी . | ८४,०००.०० |
| ०८/१२/२०८० | ६८२ | बिबिध खर्चको रकम भुक्तानी. | ८,०००.०० |
| ०८/१२/२०८० | ६८३ | बिबिध खर्चको रकम भुक्तानी. | १०००००. |
| १०/१२/२०८० | ६८९ | वाइफाई तथा सामग्री खरिद वापतको रकम भुक्तानी . | १०००००. |
| १९/१२/२०८० | ७०४ | मसलन्द सामग्री खरिद वापतको रकम भुक्तानी . | ९९,९६०.०० |

| | | | |
|---|---|---|---|
| २८/१२/२०८० | ७२७ | बिबिध खर्च तथा आर्थिक सहायता वापतको रकम भुक्तानी . | १७,०००.०० |
| २८/१२/२०८० | ७२८ | गत आ ब को भुक्तानी बाकी वापतको रकम भुक्तानी . | ५,७९०.०० |
| २८/१२/२०८० | ७२८ | गत आ ब को भुक्तानी बाकी वापतको रकम भुक्तानी . | ९८,०००.०० |
| २८/१२/२०८० | ७३१ | धर्म संस्कृति आर्थिक सहायता तथा विविध खर्चको रकम भुक्तानी . | २७,१५०.०० |
| २८/१२/२०८० | ७३१ | धर्म संस्कृति आर्थिक सहायता तथा विविध खर्चको रकम भुक्तानी . | १०००००. |
| २८/१२/२०८० | ७३३ | सवारी मर्मत भ्रमण खर्च को रकम भुक्तानी . | ४९,७३३.०० |
| ३०/१२/२०८० | ७३४ | पत्र पत्रिका तथा भ्रमण बिल संलग्न अनुसार भुक्तानी | १४५०००. |
| ०१/०१/२०८१ | ७३६ | रकम भुक्तानी | १५,०००.०० |
| १२/०१/२०८१ | ७६२ | वाइफाई तथा टूल्स खरिद वापतको रकम भुक्तानी . | १०,७००.०० |
| १५/०१/२०८१ | ७७२ | ३८२०० भ्रमण खर्च तथा ४९८०० बिबिध खर्चको रकम भुक्तानी . | ८८,०००.०० |
| १५/०१/२०८१ | ७७३ | गत आवको पेन्ट खरिद वापतको रकम भुक्तानी . | ९८,८७५.०० |
| १७/०१/२०८१ | ७८१ | खेलकुद सामग्री खरिद वापतको रकम भुक्तानी . | ९६,१००.०० |
| १९/०१/२०८१ | ७८९ | कार्यालय संचालन खर्च वापतको रकम भुक्तानी . | ११००००. |
| १९/०१/२०८१ | ७९० | बिबिध खर्चको रकम भुक्तानी . | १०,१२०.०० |
| २१/०१/२०८१ | ७९५ | घर भाडा ६००००,धर्म संस्कृति १८३५०० र भ्रमण खर्च | १३५०००. |
| १६/०२/२०८१ | ८५९ | न.स.शु. बाट कार्यालय खर्च १९९८००,गत आ ब बाकी प्र.स. बा.फा.९२००० सवारी मर्मत ,६७००० बिबिध खर्च तथा गत आ ब बाकी आ.श्रो.६२००० बिबिध खर्च भुक्तानी . | ६२,०००.०० |
| २३/०२/२०८१ | ८८२ | बिबिध खर्च को रकम भुक्तानी . | १५,०००.०० |
| २३/०२/२०८१ | ८८२ | बिबिध खर्च को रकम भुक्तानी . | ३,०००.०० |
| ०४/०३/२०८१ | ९१६ | गोश्वारा भौचर नं ८९२ को छुट भएको रकम वोअत्को भुक्तानी . | २,००७.०० |
| ०४/०३/२०८१ | ९१७ | अनुगमन खर्च वापतको रकम भुक्क्तानी . | २,०००.०० |
| १८/०८/२०८० | ३७० | भ्रमण खर्च वापतको रकम भुक्तानी | ८५,०००.०० |
| २७/०८/२०८० | ३७५ | विविध खर्चको रकम भुक्तानी | ९७,३००.०० |
| ०४/०९/२०८० | ३८६ | योजना कार्यान्वयन वापतको रकम भुक्तानी | १३५४६००. |
| २७/०९/२०८० | ४६६ | विविध खर्चको रकम भुक्तानी | २४,०००.०० |
| ११/१०/२०८० | ५१३ | चालु तर्फको विविध खर्चको रकम भुक्तानी | ५९,५२५.०० |
| १३/१०/२०८० | ५२० | खाजा खर्च तथा भ्रमण खर्च वापतको रकम भुक्तानी . | ५,२००.०० |

| | | | |
|---|---|---|---|
| १३/११/२०८० | ६२६ | विविध खर्चको रकम भुक्तानी. | ९,९००.०० |
| १३/११/२०८० | ६२८ | बाकी रकम पछि भुक्तानी हुनेगरी भुक्तानी , | २०००००. |
| १३/११/२०८० | ६२९ | विविध खर्चको रकम भुक्तानी . | ४,१५०.०० |
| १३/११/२०८० | ६३० | सफ्टवेर संचालन खर्च वापतको रकम भुक्तानी. | २८००००. |
| १३/११/२०८० | ६३१ | आर्थिक सहायता तथा साफ्टवेर संचालन खर्च वापतको रकम भुक्तानी . | ३४,०००.०० |
| ३०/११/२०८० | ६५० | बिबिध खर्चको रकम भुक्तानी. | ८५,९५०.०० |
| ०४/१२/२०८० | ६६१ | कार्यालय संचालन खर्च वापतको रकम भुक्तानी . | ४४,७००.०० |
| ०६/१२/२०८० | ६६९ | योजना सम्पान भए वापत को रकम भुक्तानी | ९०,०००.०० |
| ०६/१२/२०८० | ६७१ | योजना सम्पन्न भए वापतको रकम भुक्तानी | ८८,८००.०० |
| ०८/१२/२०८० | ६८३ | बिबिध खर्चको रकम भुक्तानी. | ६,६००.०० |
| ०८/१२/२०८० | ६८३ | बिबिध खर्चको रकम भुक्तानी. | ५,०००.०० |
| ०८/१२/२०८० | ६८३ | बिबिध खर्चको रकम भुक्तानी. | ७,९५०.०० |
| ११/१२/२०८० | ६९६ | खाजा खर्च वापतको रकम भुक्तानी. | १५,९००.०० |
| ०६/०१/२०८१ | ७५१ | बिबिध खर्च वापतो रकम भुक्तानी . | १३५०००. |
| ०१/०२/२०८१ | ८२२ | आर्थिक सहयात वापतको रकम संदिप साह लाइ भुक्तानी . | ९,०००.०० |
| ०२/०२/२०८१ | ८३३ | ६५००० भ्रमण भत्ता ३२००० बिबिध खर्च तथा २१३००० सवारी साधन मर्मत खर्च वापतको रकम भुक्तानी . | ५,६००.०० |
| ११/०२/२०८१ | ८५२ | खाजा खर्च वापतको रकम भुक्तानी . | १५,०००.०० |
| १६/०२/२०८१ | ८५६ | गत आब को भुक्तानी बाकी खाजा खर्च वापतको रकम भुक्तानी . | ११७०००. |
| १६/०२/२०८१ | ८५७ | चिया खाना खाजा खर्च वापतको रकम भुक्तानी . | ९२,०००.०० |
| १६/०२/२०८१ | ८५९ | न.स.शु. बाट कार्यालय खर्च १९९८००,गत आ ब बाकी प्र.स. बा.फा.९२००० सवारी मर्मत ,६७००० बिबिध खर्च तथा गत आ ब बाकी आ.श्रो.६२००० बिबिध खर्च भुक्तानी . | १५९०००. |
| २५/०२/२०८१ | ८९१ | गत आब को भुक्तानी बाकी वापतको रकम भुक्तानी . | ९०,०००.०० |
| २०८१/०२/३२ | ९०९ | बिबिध खरको रकम संदिप साहलाई भुक्तानी . | ३५,०००.०० |
| २०८१/०२/३२ | ९१० | भ्रमण खर्च वापतको रकम भुक्तानी . | १०,०००.०० |
| १८/०३/२०८१ | ९४० | संसोधित कार्यक्रम सम्पन्न वापतको रकम भुक्तानी | २८२०००. |
| १८/०३/२०८१ | ९४१ | वृक्षा रोपन कार्यक्रम वापतको रकम भुक्तानी . | १९९०००. |
| १८/०३/२०८१ | ९४६ | पदाधिकारी हरुकोभत्ता भुक्तानी . | ३८,०००.०० |

| | | | |
|---|---|---|---|
| ०२/०७/२०८० | २०८ | गत आ ब मा निकाशा पठाउन बाकीँ रहेको निकाशा पठाइयो | ६४९७५०. |
| ०२/०७/२०८० | २१२ | अनुगमन भत्ता वापतको रकम भुक्तानि . | ३,८००.०० |
| ०२/०७/२०८० | २१३ | भ्रमण खर्च वापतको रकम भुक्तानी . | ७,०००.०० |
| ०२/०७/२०८० | २१८ | गत बर्सको भुक्तानी बाकी वापतको रकम भुक्तानी | २७०४००. |
| ०३/०७/२०८० | २२३ | गत आ.ब. को पत्र पत्रिका हरुको भुक्तानी बाकी वापतको रकम भुक्तानी | २४,६२५.०० |
| ०३/०७/२०८० | २२४ | गत आ.ब. को पत्र पत्रिका हरुको भुक्तानी बाकी वापत को रकम भुक्तानी | २४,६२५.०० |
| ०३/०७/२०८० | २२५ | गत आ.ब. को पत्र पत्रिका हरुको भुक्तानी बाकी वापत को रकम भुक्तानी | २४,६२५.०० |
| ०३/०७/२०८० | २२६ | गत आ.ब. को पत्र पत्रिका हरुको भुक्तानी बाकी वापत को रकम भुक्तानी | २४,६२५.०० |
| ०३/०७/२०८० | २२७ | गत आ.ब. को पत्र पत्रिका हरुको भुक्तानी बाकी वापत को रकम भुक्तानी | २४,६२५.०० |
| ०३/०७/२०८० | २३६ | गत आ.ब. को पत्र पत्रिका हरुको भुक्तानी बाकी वापत को रकम भुक्तानी | २९,५५०.०० |
| ०३/०७/२०८० | २३७ | पत्र पत्रिका को गत आ.बा. को बाकी भुक्तानी वापतको रकम भुक्तानी . | ६,७२५.०० |
| ०३/०७/२०८० | २४० | पत्र पत्रिका को गत आ.बा.को बाकी भुक्तानी वापतको रकम भुक्तानी . | ६४,०००.०० |
| ०३/०७/२०८० | २४१ | गत आ ब को भुक्तानी वापतको रकम भुक्तानी | १२१५१००. |
| ०३/०७/२०८० | २४४ | पत्र पत्रिका छपाई वापतको रकम भुक्तानी | १४००००. |
| २३/०७/२०८० | २६१ | पत्रपत्रिका छपाई वापतको रकम भुक्तानी . | ९५,०००.०० |
| २३/०७/२०८० | २६२ | बिबिध खर्च वापतको रकम भुक्तानी. | २१,८००.०० |
| २४/०७/२०८० | २६९ | विविध खर्चको रकम भुक्तानी | २९,३००.०० |
| २४/०७/२०८० | २७३ | विविध खर्चको रकम भुक्तानी | २९,३९९.०० |
| २५/०७/२०८० | २८८ | गत आ ब को भुक्तानी बाँकी वापतको रकम भुक्तानी | ४९८०००. |
| ०७/०८/२०८० | ३०७ | गत वर्षको भुक्तानी बाकी वापतको रकम भुक्तानी . | ३७४२००. |
| १२/०८/२०८० | ३११ | गत आ. ब.को भुक्तानी बाकी प्राबिधिक लागत मूल्यांकन अनुसार अंतिम बिल भुक्तानी | ७७६३९३. |
| १३/०८/२०८० | ३१८ | विविध खर्चको रकम भुक्तानी | ३०,०००.०० |
| १५/०८/२०८० | ३२६ | विविध खर्चको रकम भुक्तानी | १६९४२१. |
| १५/०८/२०८० | ३२७ | गत आ . ब. को भुक्तानी बाकी वापतको रकम भुक्तानी . | १७,०००.०० |
| १६/०८/२०८० | ३२९ | गत आ ब को भुक्तानी बाँकी रहेको छात्रवृती तथा विधुत महसुल वापतको रकम भुक्तानी | १५००००. |
| १७/०८/२०८० | ३३३ | बिज्ञापन छपाई वापतको रकम भुक्तानी | २२८०००. |
| १८/०८/२०८० | ३७० | भ्रमण खर्च वापतको रकम भुक्तानी | ७२,०००.०० |

| | | | |
|---|---|---|---|
| १६/१०/२०८० | ५४१ | मिति 20800703, गो.भौ.नं. 226 को चेकEFT नं. 82220280810002814 बाट गरेको भुक्तानी सफल नभएकोले पुनः भुक्तानी | ४,९२५.०० |
| २३/०६/२०८० | ९४ | गत आब को भुक्तानी वापतको रकम भुक्तानी . | ३९२९००. |
| २६/०६/२०८० | १०४ | संलग्न निवेदन बिल भर्पाइ तोक आदेशको आधारमा भुक्तानी | ४९८०००. |
| २७/०६/२०८० | १२८ | गत आ ब को नस्ता खर्च वापतको रकम भुक्तानी | २२३३९९. |
| २८/०६/२०८० | १६४ | तग आ ब को खाजा खर्च वापतको रकम भुक्तानी | ३७२४००. |
| २९/०६/२०८० | १७४ | आखा सिवीर संचालन गरे वापतको रकम भुक्तानी . | ४९५०००. |
| ३०/०६/२०८० | १८० | गत बर्षमा सम्पन्न कार्यक्रमको रकम भुक्तानी | ३८५०००. |
| ०१/०७/२०८० | १९८ | अंकित निर्माण सेवा लाई गत आ ब बाट भुक्तानी | २८९८००. |
| ०१/०७/२०८० | १९९ | पत्र पत्रिका तथा छपाई वापतको रकम भुक्तानी . | १७१२००. |
| ०१/०७/२०८० | २०० | बैठक भत्ता वापत को रकम भुक्तानी . | १४५८००. |
| ०२/०७/२०८० | २०६ | गत आ ब को कार्यक्रम सञ्चालन खर्च वापतको रकम भुक्तानी | ४९८०००. |
| ०२/०७/२०८० | २१२ | अनुगमन भत्ता वापतको रकम भुक्तानि . | ११,३००.०० |
| ०३/०७/२०८० | २३३ | मिति 20800702, गो.भौ.नं. 206 को चेकEFT नं. 82220280810001181 बाट गरेको भुक्तानी सफल नभएकोले पुनः भुक्तानी | ४९१३८२. |
| | | | ३०,२४४,७८८.०० |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।